Economic National Daily
आर्थिक
राष्ट्रिय दैनिक
Aarthik Dainik Pvt.Ltd.

◆ वर्ष १५ ◆ अङ्क ४५१९ ◆ २०८१ माघ २१ गते सोमबार ◆ ने.सं. ११४५ ◆ पृष्ठ ८+२ ◆ Monday, February 03, 2025 ◆ मूल्य रु. ५/- ◆ Web: www.aarthikdainik.com

वन मुद्दामा मनोज केडियाको बिगो रकम घटाउन नियमावली नै संशोधन

४४ करोडबाट चार करोड रुपैयाँमा झारियो

■ आर्थिक संवाददाता
काठमाडौं, माघ २०

शक्ति र सत्ता हातमा हुनेहरूले नेपालको कानुनलाई कसरी खेलाउँछन् भन्ने गतिलो उदाहरण बनेका छन्, सिद्धार्थ बैंकका निवर्तमान अध्यक्ष मनोजकुमार केडिया । यसअघि निकै सुशासनको कुरा गरेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारका पालामा केडियामाथि लागेको गम्भीर फौजदारी मुद्दामा निर्धारित बिगो रकम घटाउन र उनलाई उन्मुक्ति दिन कसरी कानुनमाथि डोजर चलाइएको थियो भन्ने तथ्य सार्वजनिक भएको छ ।

केडियाको स्वामित्व रहेको बिएस सिमेन्ट उद्योगले पाल्पा जिल्लामा गैरकानुनीरूपमा वन क्षेत्र अतिक्रमण गरी उत्खनन गरेको थियो । त्यसपछि डिभिजन वन कार्यालय पाल्पाले २०७८ साल माघ ३० गतेबाट अनुसन्धान थालेको थियो । डिभिजन वन कार्यालयले केडियाको स्वामित्व रहेको बिएस सिमेन्ट उद्योगले पाल्पाको माथागढी गाउँपालिका ५ धमिगामा पर्ने खानी क्षेत्रमा भोगाधिकारबाहेकको वन क्षेत्रमा उत्खनन गरेको निष्कर्षसहित आठ हजार दशमलव २४ हेक्टर क्षेत्रफलको राष्ट्रिय वन क्षेत्र अतिक्रमण गरेको ठहर गरेको थियो ।

अनुसन्धान सकेपछि



डिभिजन वन कार्यालय पाल्पाले २०७९ पुस १८ गते पाल्पा जिल्ला अदालतमा केडियासहितका सञ्चालकहरूलाई पक्राउ गर्न अनुमति मागेको थियो । सोही दिन नै अदालतले बिएस सिमेन्ट उद्योगका चार सञ्चालकहरु मनोजकुमार केडिया, उनकी श्रीमती सविता केडिया, जगदिशकुमार अग्रवाल र राजेशकुमार अग्रवालका नाममा पक्राउ पुर्जी जारी गरेको थियो । त्यसपछि वन कार्यालयले जिल्ला प्रहरी कार्यालय तानसेनलाई पक्राउ पुर्जीको पत्रसहित निजहरूलाई पक्राउ गर्न पत्राचार गरेको थियो ।

अनुसन्धानका क्रममा बिएस सिमेन्ट उद्योगले गैरकानुनीरूपमा भोगाधिकारभन्दा ९ दशमलव ६४ हेक्टर राष्ट्रिय वन क्षेत्र उत्खनन गरेको तथ्य भेटिएको छ । त्यतिबेलाको वन नियमावली २०७९ को अनुसूची ८ अनुसार प्रतिघनफुट ११ दशमलव शून्य पाँच रूपैयाँका दरले हुनआउने बिगो रकम १० करोड २९ लाख ३७ हजार तीन सय ८४ रूपैयाँ र काठदाउराको बिगो तीन लाख ९४ हजार ८ सय १३ रूपैयाँसहित १० करोड ३३ लाख ३२ हजार एक सय ९७ रूपैयाँ बिगो कायम भएको थियो । तर, २०७९ माघ १५ गतेको स्थलगत प्रतिवेदनले भने अझै अर्को बिगो कायम गराउनुपर्ने अवस्था सिर्जना भयो । अभियोगपत्रअनुसार बिएस सिमेन्ट इन्डस्ट्रिजले गैरकानुनीरूपमा स्वीकृत क्षेत्रभन्दा बाहिर उत्खनन गरेबापत प्रतिघनफिट ४७ दशमलव ८६ रूपैयाँको दर बुझाउने प्रतिबद्धता गरेको थियो । २०७३ माघ १३ गते भएको स्वीकृत माइनिङ रिकमअनुसार कम्पनीको हकमा स्वीकृत माइनिङ रिकमका प्रतिघनफुट ४७ रूपैयाँ ८६ पैसा थियो । तर, वन नियमाली २०७९ संशोधन गरिएपछि प्रतिघनफुट चार रूपैयाँ ४२ पैसाको दरले बिगो कायम गर्दै चार करोड १५ लाख ६९ हजार सात सय ६७ रूपैयाँ बिगो संशोधन भएपछि मनोज केडिया २०८० ४४ करोड ५८ लाख ४४ हजार छ सय ३७ रूपैयाँ बिगो र काठदाउराको तीन लाख ८४ हजार ८ सय १३ रूपैयाँ गरी जम्मा ४४ करोड ६२ लाख ३९ हजार चार सय ५० रूपैयाँ बिगो कायम भएको थियो । यही बिगोलाई अन्तिम संशोधन गरिएको थियो । राय प्रतिक्रियाका लागि सरकारी वकिल कार्यालय तानसेनलाई वन कार्यालयले २०७९ माघ १८ मा पत्राचार समेत गरेको थियो ।

यहीबीचमा माओवादी नेतृत्वको सरकारमा एकाएक नेकपा एमाले र जनता समाजवादीसहितका दलहरु सामेल भए । जसपाबाट अर्बपति व्यापारी उपेन्द्र महतोका भाइ विरेन्द्र महतो वन मन्त्री बने । उनै विरेन्द्र महतोले वन नियमावलीमा संशोधन गरिदिए र स्वीकृत माइनिङ स्किमअनुसार ४४ करोडभन्दा बढी पुगेको बिगो रकम एकाएक ४ करोड १५ लाख रूपैयाँमा झारियो ।

बीएस सिमेन्ट इन्डस्ट्रिजको स्वीकृत माइनिङ

> बाँकी पृष्ठ २ मा

केयुमा पनि भाँडभैलो !

■ आर्थिक संवाददाता
काठमाडौं, माघ २०

प्रा.डा. भोला थापा

प्रा.डा. अच्युत प्रसाद वाग्ले

काठमाडौं विश्वविद्यालयको उपकुलपति पदबाट प्रा.डा. भोला थापा २०८१ माघ ०७ गते चार वर्षे कार्यकाल पूरा गरी बाहिरिएका छन् । तर उनी इन्जिनियरिङ्ग फ्याकल्टीको प्राध्यापक पदमा भने यथावत् छन् ।

काठमाडौं विश्वविद्यालयको विश्वविद्यालय सभाले रिक्त उपकुलपति पदको लागि काठमाडौं विश्वविद्यालय ऐन, २०४८ दफा १४ बमोजिम काठमाडौं विश्वविद्यालयको संस्थापक उपकुलपति, हाल विश्वविद्यालय सभाको सदस्य तथा विश्वविद्यालय संरक्षक परिषद्को अध्यक्ष डा. सुरेशराज शर्मा संयोजक र सदस्यहरू पूर्वसचिव जनार्दन नेपाल र काठमाडौं विश्वविद्यालयका पूर्वमेडिकल फ्याकल्टी प्रमुख डा. अर्जुन कार्की समेत तीन जनाको नयाँ उपकुलपति नियुक्तिका लागि सिफारिस समिति बनाइसकेको छ ।

यसै समयमा विश्वविद्यालयको कुलपतिको हैसियतले कुलपति के.पी. शर्मा ओलीले कसैलाई कामचलाउ उपकुलपति जिम्मेवारी दिनुपर्नेमा विश्वविद्यालयको संस्थापक उपकुलपति, हाल विश्वविद्यालय सभाको सदस्य तथा विश्वविद्यालय संरक्षक परिषद्को अध्यक्ष प्रा.डा. सुरेशराज शर्माले प्रधानमन्त्री एवं कुलपति ओलीका नाउँमा अर्को व्यवस्था नभएसम्म उपकुलपति प्रा.डा. भोला थापालाई नै कामचलाउ उपकुलपतिको कार्यभार सम्हाल्ने व्यवस्था दिनुहुन सिफारिस



गर्दछु भनी लिखित पत्रमार्फत अनुरोध गरेका थिए । त्यसमा कुलपति ओलीले उक्त पत्रलाई बेवास्ता गरी काठमाडौं विश्वविद्यालयको कार्य व्यवस्थापन नियमावलीको नियम ५.४ को उपनियम (८) टेकेर वर्तमान रजिस्ट्रार प्रा.डा.अच्युतप्रसाद वाग्लेलाई कामचलाउ उपकुलपतिको जिम्मेवारी तोकेर पत्र दिएपछि जसरी जुन नियमावलीअनुसार उपकुलपतिको जिम्मेवार तोकेर दिइएको हो उक्त नियमावलीमा त्यसरी जिम्मेवारी तोक्न पाइने नियमावलीको त्यो व्यवस्था होइन, उक्त नियमावलीको नियम ५.४ को उपनियम (८) मा "उपकुलपति एक हप्तामन्दा बढी समयको लागि विश्वविद्यालयमा अनुपस्थित रहने भएमा कुलपतिले उपकुलपतिबाट गरिने सम्पूर्ण काम रजिस्ट्रारलाई सुम्पन सक्नेछ" भन्ने व्यवस्था छ । उपकुलपतिको पदमा कुनै पदमा कार्यरत निरन्तर रहेको बखत एक हप्तामन्दा बढि अनुपस्थित हुने अर्थात् सातौं दिनसम्म अनुपस्थित भएमा आठौं दिन

> बाँकी पृष्ठ २ मा

सेयरबजारमा हरियाली

काठमाडौं, माघ २० । सेयरबजारमा हरियाली छाएको छ । आइतबार कारोबार मापक नेप्से परिसूचक नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ६९ दशमलव ८० अङ्कले बढेर दुई हजार सात सय २७ दशमलव ५८ अङ्कमा पुगेको छ । कारोबार रकम पनि उत्साहजनक भएको छ । एक दिनमै १२ अर्ब ९५ करोड ५७ लाख ६४ हजार रूपैयाँबराबरको दुई करोड ४८ लाख ४८ हजार ७९ कित्ता सेयर किनबेच भएको छ । लगानीकर्ताको सम्पत्ति एक दिनमै एक खर्ब १६ अर्ब रूपैयाँ बढेको छ । बजार पुँजीकरण ४५ खर्ब २५ अर्ब ४७ करोड ४४ लाख रूपैयाँ पुगेको छ । साधारण सेयरतर्फको बजार पुँजीकरण ४१ अर्ब रूपैयाँ बढेर १५ खर्ब आठ अर्ब रूपैयाँ पुगेको छ । कारोबार भएका दुई सय ४२ कम्पनीमध्ये दुई सय दुईवटाको सेयरमूल्य बढ्दा बजारमा हरियाली छाएको हो ।

इ-पेपर हेर्नको लागि

आयात गरिएको वस्तु तेस्रो मुलुकमा बिक्री गर्न सकिने

■ आर्थिक संवाददाता
काठमाडौं, माघ २०

सरकारले तेस्रो मुलुकबाट आयात गरिएको सामग्री तेस्रो मुलुकमै बिक्री गर्नसक्ने व्यवस्था गरेको छ । सरकारले संघीय संसद् प्रतिनिधिसभागमा दर्ता गराएको निकासी पैठारी (नियमन) विधेयक, २०८१ मा यस्तो व्यवस्था गरिएको छ ।

आइतबार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय प्रस्तावक बन्दै प्रतिनिधिसभामा दर्ता गराएको उक्त विधेयकले निकासी पैठारीलाई व्यवस्थित गर्ने जनाइएको छ । नेपालबाट निकासीको लागि चलान भई समुद्री मार्ग वा बन्दरगाहमा रहेको वस्तु कुनै कारणवश खरिदकर्ताले खरिद गर्न नसक्ने भएमा वा खरिद गर्न अस्वीकार गरेमा नेपाल वा विदेशी मुलुकमा बिक्री गर्नसक्ने व्यवस्था गरेको छ । नेपाल वा विदेशी मुलुकका अन्य व्यक्तिलाई बिक्री गर्दा निकासीकर्ताले त्यस्तो वस्तु पहिलो खरिदकर्तासँग तय भएको बिक्री मूल्यभन्दा कम नहुने गरी अन्य खरिदकर्तालाई बिक्री गर्न सक्नेछन् । कुनै पैठारीकर्ताले पैठारी गर्ने वस्तु विदेशबाट चलान भई समुद्री मार्ग वा बन्दरगाहमा रहेको अवस्थामा त्यस्तो वस्तु वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागको पूर्वस्वीकृति लिई स्वेदशभित्र वा बाहिर बिक्री गर्न सक्नेछ । यसले पैठारीकर्तालाई लाभ हुने उद्योग मन्त्रालयका अधिकारीहरु बताउँछन् । स्वेशमा पैठारी गर्दा महँगो हुने स्थिति देखिएमा, अन्य मुलुकले खरिद गर्न इच्छुक देखिएमा वा विविध कारणले पैठारी गर्दा महँगो परेमा तेस्रो मुलुकमा बिक्री गर्न पाइनेछ ।

पैठारी गरिएको वस्तु बिक्री गर्दा विदेशी खरिदकर्ता भए पैठारीकर्ताले खरिद गरेको मूल्यमा नघट्ने गरी परिवर्त्य विदेशी मुद्रामा बिक्री गर्नुपर्ने हुन्छ । यसरी खरिद बिक्री गर्दा नेपाल सरकारले तोकको शर्त र नेपाल तथा सम्बन्धित मुलुकबीच भएको व्यापारसम्बन्धी सम्झौताअनुरूप अघि बढ्नुपर्ने हुन्छ । अन्तर्राष्ट्रिय कम्पनीले उत्पादन गरेको वस्तु त्यस्तो कम्पनीले निर्दिष्ट गरेको मुलुकको लागि वितरकको रूपमा काम गर्ने नेपाली एजेन्सीले सो मुलुकमा निकासी गर्न सक्नेछ । वस्तु निकासी गर्दा नेपाल तथा सम्बन्धित मुलुकबीच

> बाँकी पृष्ठ ४ मा

अर्थतन्त्रका अधिकांश सूचक राम्रो

महँगी नियन्त्रणमा आउन सकेन

■ सुरेश राउत
काठमाडौं, माघ २०

मुलुकको वस्तु तथा सेवा बजार निकै महँगो बन्दै गएको छ । नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय अवस्थासम्बन्धी चालू आर्थिक वर्षको छ महिनाको तथ्यांकअनुसार महँगी बढ्दो क्रममा देखिएको छ ।

चालू आर्थिक वर्षको पुस महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति (महँगी) पाँच दशमलव ४१ प्रतिशत छ । अघिल्लो वर्षको सोही महिनामा मुद्रास्फीति पाँच दशमलव २६ प्रतिशत थियो । अर्थतन्त्रको भाषामा मुद्रास्फीति बढ्नु भनेको वस्तु तथा सेवाको मुल्य बढ्नु हो भने पैसाको क्रयशक्ति घट्नु हो ।

२०८१ पुस मसान्तमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति बढेर सात दशमलव ६७ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति चार दशमलव १९ प्रतिशत छ ।

यस्तो छ, उपभोक्ता मुद्रास्फीति

विवरण	२०८० पुस मसान्त	२०८१ मंसिर मसान्त	२०८१ पुस मसान्त
खाद्य तथा पेय पदार्थ	५७५	९.९९	७.६७
गैर-खाद्य तथा सेवा	४.९३	३.९२	४.१९
समग्र मुद्रास्फीति	५.२६	६.०५	५.४१

अघिल्लो वर्ष सोही अवधिमा यी समूहहरूको मुद्रास्फीति क्रमशः पाँच दशमलव ७५ प्रतिशत र चार दशमलव ९३ प्रतिशत थियो । गत पुस मसान्तमा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत तरकारी उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक २८ दशमलव ५२ प्रतिशत, घ्यू तथा तेलको १० दशमलव ६७ प्रतिशत, दाल तथा गेडागुडीको नौ दशमलव ४८ प्रतिशत र खाद्य तथा खाद्यजन्य पदार्थको सता दशमलव २३ प्रतिशतले बढेको छ । यस अवधिमा मरमसला उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक तीन १२ प्रतिशतले घटेको छ ।

गैर-खाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक नौ दशमलव ३५ प्रतिशत, मदिराजन्य पेय पदार्थको सात दशमलव शून्य एक प्रतिशत, कपडाजन्य तथा जुत्ताचप्पलको छ दशमलव ७५ प्रतिशत र फर्निसिङ तथा घरायसी उपकरणको पाँच दशमलव २९ प्रतिशतले बढेको छ । यस अवधिमा ग्रामीण क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क पाँच दशमलव ६८ प्रतिशतले बढेको छ भने सहरी क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क पाँच दशमलव ३१ प्रतिशतले बढेको छ । प्रदेशगत रूपमा समीक्षा महिनामा कोशी प्रदेशको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति छ दशमलव ७३ प्रतिशत, मधेश प्रदेशको पाँच दशमलव ९६ प्रतिशत, बागमती प्रदेशको पाँच दशमलव ९४ प्रतिशत, गण्डकी प्रदेशको चार दशमलव ३७ प्रतिशत, लुम्बिनी प्रदेशको चार दशमलव ८३ प्रतिशत, कर्णाली प्रदेशको चार दशमलव ६० प्रतिशत र सुदूरपश्चिम प्रदेशको पाँच दशमलव ६७ प्रतिशत रहेको छ । पुस महिनामा काठमाडौं उपत्यकाको मुद्रास्फीति पाँच दशमलव शून्य तीन प्रतिशत, तराईको पाँच दशमलव ६० प्रतिशत, पहाडको पाँच दशमलव ४१ प्रतिशत र हिमालको पाँच दशमलव २७ प्रतिशत छ ।

प्रतिवेदनअनुसार २०८१ पुसमा वार्षिक विन्दुगत थोक मुद्रास्फीति चार दशमलव एक प्रतिशत छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति तीन दशमलव ३६ प्रतिशत

> बाँकी पृष्ठ २ मा

यस्तो देखियो मुलुकको अर्थतन्त्र

- उपभोक्ता मुद्रास्फीति ५४१ प्रतिशत
- आयात ७.१ प्रतिशत र निर्यात ३१८ प्रतिशत वृद्धि
- रेमिट्यान्स ७ खर्ब ६३ अर्ब रूपैयाँ भित्रियो
- शोधनान्तर स्थिति २ खर्ब ४९ अर्ब २६ करोड रूपैयाँ बचतमा
- विदेशी विनिमय सञ्चिति अमेरिकी डलर १६ अर्ब ८४ करोड कायम
- सरकारी खर्च ६ खर्ब ६७ अर्ब ६० करोड रूपैयाँ
- राजस्व संकलन ५ खर्ब ५९ अर्ब ६१ करोड रूपैयाँ
- विस्तृत मुद्राप्रदाय ३.९ प्रतिशत बढेको छ । वार्षिक विन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १०.२ प्रतिशतले बढेको छ
- बैंक तथा वित्तीय संस्थाको निक्षेप वृद्धिदर ३.७ प्रतिशत
- निजी क्षेत्रमा प्रवाहित कर्जा वृद्धिदर ५.२ प्रतिशत

हकदावीको सूचना

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. ९ मा बस्ने श्री इन्द्र बहादुर क्षेत्रीको बुहारी, श्री भक्त बहादुर क्षेत्रीको श्रीमती कमला क्षेत्रीको मिति २०८१/०९/२१ गतेका दिन मृत्यु भएकोले निजको नामबाट त्यस बैंकमा रहेको बचत खाता नं. ०१९०५०५०२६४५६ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउं भनी निजको छोरा देव क्षेत्रीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुंदा निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबूद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी वमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB शाखा कार्यालय, पोखरा (०११), कास्की
फोन नं.: ०६१-४८८९१९

आशिष रसाइलीको नाममा १५ दिने सार्वजनिक सूचना

सिन्धुपाल्चोक जिल्ला, लिसंखु पाखर गा.पा. वडा नं. ७ बस्ने तपाई **श्री आशिष रसाइलीले** का.म.न.पा.-६, बस्ने म मुसे श्रेष्ठको घरमा कोठा बहालमा लिई भाडामा बस्दै आउनु भएकोमा विगत ८-महिना देखि कोठामा ताला लगाई भाडा नदिई सम्पर्क विहिन हुनुभएकोले यो सूचना प्रकाशित भएको मितिले **१५ दिन भित्रमा** सम्पर्कमा आउनुभई बाँकी बक्यौता रकम चुक्ता गरी कोठा खालि गरिदिनु होला अन्यथा कानुन बमोजिम प्रक्रिया अगाडी बढाईने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

घरधनी मुसे श्रेष्ठ, का.म.न.पा.-६

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति: २०८१/१०/२१

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सुखद, कैलालीबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तराजाकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणी श्री **कृष्ण बहादुर डगौरा** र श्रीमती **शोभा देवी डगौरा** को हकमा मिति वि.सं. २०८१/०४/१७ को आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्न सम्बन्धमा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण वापत बैंकको नाममा झितोचन्द्रक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ (साँठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सुखद, कैलालीमा दिउँसो १:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्न रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र कुभाउन समेत अनुरोध गरिन्छ। सुरक्षभमा रहेको सम्पूर्ण झितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसूर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०६९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको बन्य चल/अचल सम्पत्तिबाट झितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको झितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ।

तपशिल

कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्रयाक(आवधिक कर्जा १ र सिटिजन्स फास्ट ट्रयाक-आवधिक कर्जा २

ऋणीहरुको नाम र ठेगाना

१. नाम : कृष्ण बहादुर डगौरा	२. नाम : शोभा देवी डगौरा
बाबु : जगत प्रसाद डगौरा	बाबु : गोमती प्रसाद क.थारु
बाजे : बेचन डगौरा	ससुरा : जगत प्रसाद डगौरा
ठेगाना : दरबु गा.वि.सं.-४,कैलाली	पति : कृष्ण बहादुर डगौरा
हाल : घोडाघोडी न.पा.-३, कैलाली	स्थायी ठेगाना : दरबु गा.वि.सं.-४, कैलाली
ना.प्र.नं : ७२५०२	हालको ठेगाना : घोडाघोडी न.पा.-३, कैलाली
जारी मिति : २०६३/०७/०९	ना.प्र.नं : ६७३०२९/५७२
जि.प्र.का. : कैलाली	जारी मिति : २०६३/११/०७
	जि.प्र.का. : कैलाली

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : अनिल डगौरा	२. नाम : नविन डगौरा
बाबु : कृष्ण बहादुर डगौरा	बाबु : कृष्ण बहादुर डगौरा
बाजे : जगत प्रसाद डगौरा	बाजे : जगत प्रसाद डगौरा
पत्नि : शुशिला देबी डगौरा	स्थायी ठेगाना : घोडाघोडी न.पा.-३, कैलाली
स्थायी ठेगाना : घोडाघोडी न.पा.-३, कैलाली	हालको ठेगाना : घोडाघोडी न.पा.-३, कैलाली
हालको ठेगाना : घोडाघोडी न.पा.-३, कैलाली	ना.प्र.नं : ६७-०६-७४-०१८३०
ना.प्र.नं : ६७-०६-७४-०१८३१	जारी मिति : २०७४/०४/१०
जारी मिति : २०७४/०४/१०	जि.प्र.का. : कैलाली
जि.प्र.का. : कैलाली	

३. नाम : शुशिला देबी डगौरा	
बाबु : छोटेलाल क. थारु	
ससुरा : कृष्ण बहादुर डगौरा	
पति : अनिल डगौरा	
स्थायी ठेगाना : घोडाघोडी न.पा.-३, कैलाली	
हालको ठेगाना : घोडाघोडी न.पा.-३, कैलाली	
ना.प्र.नं : ६७-०६-७६-०२०९६	
जारी मिति : २०७६/०४/२०	
जि.प्र.का. : कैलाली	

धितो रसिदको घरजग्गाको विवरण:
धितो सुरक्षण धनीको नाम : कृष्ण बहादुर डगौरा

जिल्ला	कैलाली
न.पा./गा.वि.स.	दरबु
वडा नं/ नक्सा सिट	४/४७
कि.नं.	१८९
क्षेत्रफल (वि.क.डु./क्रि.मि)	०-१-१७-०/६२६.४८
कैफियत	सो जग्गामा निर्माण भएको तथा पछि थपिएमा निर्माण हुने समूहे बक्सहरु तथा सो को लिन लगाएत समेत।
हाल : घोडाघोडी नगरपालिका- ०३, निम्दी, कैलाली	

धितो लेसिद्दिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगताई अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन झितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने झितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत झितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। झितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा समेत सार्विकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवम् शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा चिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कली ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिनभित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतःजफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन दिवा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभाएमा त्यसको भोलिपल्ट (सरकारी विदाबाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्ने वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणचिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय सुखद, कैलालीमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८१/११/०६ गते, मंगलवार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सुखद, कैलाली।

Citizens Bank
मुख्य कार्यालय: पो. ब. ९१६८९, नारायणचिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७८ १ ४५२७८४/४३/४४ फ्याक्स: ९७८ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९००९८

वन...

साल मंसिर १९ गते वन कार्यालयमा उपस्थित भएर एक दिन पनि हिरासत नबसी साधारण तारेखमा छुटेका थिए ।

मनोज केडियामाथि सोही मुद्दामा अनुसन्धान अघि बढेपछि नै वन नियमावली संशोधन गरेको कागजातले नै पुष्टि गरेको छ । आर्थिक दैनिकले लामो खोज गरेपछि प्राप्त नियमावली २०८० साउन ३२ गते राजपत्रमा प्रकाशित भएको छ ।

सजाय र बिगो घटाउन वन ऐनमा चलखेल गरेका मनोज केडियालाई पटक-पटक सम्पर्क गर्दा पनि उनले फोन उठाएनन् । केडिया यो मुद्दामा घरौटी तिरेर छुटेका छन् । वन मुद्दामा मुछिएका केडियाबारे चौतर्फी आलोचना भएपछि उनले बैंकको अध्यक्ष पद समेत छाडेका छन् ।

तत्कालीन वनमन्त्री तथा जसपाका नेता विरेन्द्र महतोलाई यस विषयमा प्रतिक्रिया लिन सम्पर्क गर्दा उनले आफूले वन नियमावली संशोधन गरेको स्वीकार गरे । तर, नियमावली परिवर्तन हुनुअघि नै विद्यमान कानुनअनुसार सुरू भएको अनुसन्धान वा अभियोजन सोहीअनुसार नै अघि बढ्नुपर्ने उनको स्वीकारोक्ति छ । भापदण्ड परिवर्तन भएपछि त बिगो कायम भइसकेको मुद्दालाई केही असर नगर्नुपर्ने हो', उनी भन्छन्, 'यो विषयमा मलाई कसैले भन्दा पनि भनेन । मलाई केही थाहा पनि छैन ।' यस सम्बन्धमा जिज्ञासा राख्दा अधिवक्ता स्वागत नेपाल कानुन कहिले पनि भूतप्रभावी नहुने बताउँछन् । 'यसरी एउटा मुद्दा एउटा कानुनका आधारमा चलिरहेको छ भने त्यसमा नयाँ कानुनले प्रभाव पार्दैन, उनले भने, 'यो त सैद्धान्तिकरुमा नै मिल्दैन ।'

केयुमा...

प्रधानमन्त्री एवं कुलपतिले उपकुलपति तोक्ने व्यवस्थालाई उपकुलपति पदमा व्यक्ति नै नभएको अर्थात् उपकुलपति नभएको अवस्थामा कार्यरत रजिस्ट्रारलाई उपकुलपति तोक्न सक्ने कानुनी व्यवस्था त्यो होइन भन्ने तर्क आकर्षित भएको छ ।

सो नियममा भएको व्यवस्थाविपरीत कामचलाउ उपकुलपतिको जिम्मेवारी दिएको कुराले उक्त नियुक्ति गैरकानुनी र नियमविपरीत भयो भने अर्कोतर्फ निज कार्यरत आफैं रजिष्ट्रार प्रा.डा.अच्युत प्रसाद वाग्ले उपकुलपति पदको लागि आवेदन दिएर प्रतिस्पर्धामा रहेको व्यक्तिलाई उपकुलपतिबाट गरिने सम्पूर्ण काम सुम्पुन कानुनी, व्यावहारिक र नैतिक रूपले पनि स्वार्थ बाझिएको ठहरिएको हुने हुँदा तत्कालै कुलपतिले आफूमा निहित सभा अध्यक्षको हैसियतले उपकुलपतिको प्रतिस्पर्धामा नरहेको काठमाडौं विश्वविद्यालयमा कार्यरत ज्येष्ठ प्राध्यापकहरूबाट कुनै एकलाई अर्को व्यवस्था नभएसम्म कुलपतिको जिम्मेवारी तोकिनु उपयुक्त हुने सरोकारवालाहरूको बुझाइ छ ।

उपकुलपति छनोटको प्रक्रियाले एक चरण पार गरिसकेको अवस्थामा राजनीतिक हस्तक्षेप गरी फेरि योग्यतासम्बन्धी बुँदा संशोधन गरी सात दिनको समय थपेर आवेदन आह्वान गर्नुले काठमाडौं विश्वविद्यालय पनि त्रिभुवन विश्वविद्यालयकै अधोगतिको बाटोमा लागेको आकलन गर्न थालिएको छ ।

महँगी..

थियो । उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको वार्षिक विन्दुगत थोक मुद्रास्फीति क्रमशः छ दशमलव ९२ प्रतिशत, दुई दशमलव ५५ प्रतिशत र तीन दशमलव १४ प्रतिशत छ । समीक्षा महिनामा निर्माण सामग्रीको थोक मुद्रास्फीति चार दशमलव २८ प्रतिशतले घटेको प्रतिवेदनमा उल्लेख छ ।

रेमिट्यान्स सात खर्ब ६३ अर्ब भित्रियो

वैदेशिक रोजगारीमा गएका नेपाली नागरिकले पठाएको रेमिटयान्स बढ्दै गएको छ । यस आर्थिक वर्षको छ महिनामा विदेशमा काम गर्ने नेपालीले सात खर्ब ६३ अर्ब आठ करोड रूपैयाँबराबर रेमिट्यान्स पठाएका छन् । जुन एक वर्षअघिको तुलनामा चार दशमलव एक प्रतिशत बढी हो ।

अमेरिकी डलरमा रेमिट्यान्स आप्रवाह एक दशमलव एक प्रतिशतले बढेर पाँच अर्ब ५८ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ९९ दशमलव पाँच प्रतिशतले बढेको थियो । चालू आर्थिक वर्षको छ महिनामा खुद द्वितीय आय (खुद ट्रान्सफर) भने आठ खर्ब ३२ अर्ब ७६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय सात खर्ब ९९ अर्ब ५४ करोड थियो ।

पुससम्म वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या दुई लाख ३० हजार चार सय ३९ र पुनः श्रम स्वीकृति लिनेको संख्या एक लाख ६२ हजार छ सय २८ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः दुई लाख छ हजार तीन सय ९० र एक लाख ३३ हजार नौ सय ४० रहेको प्रतिवेदनमा उल्लेख छ ।

शोधनान्तर स्थिति दुई खर्ब ४९ अर्ब बचतमा

मुलुकको शोधनान्तर स्थिति बचतमा देखिएको छ । पुस मसान्तसम्म मुलुकको शोधनान्तर स्थिति दुई खर्ब ४९ अर्ब २६ करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति दुई खर्ब ७३ अर्ब ५२ करोडले बचतमा थियो ।

अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा दुई अर्ब छ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा एक अर्ब ८२ करोडले बचतमा छ । समीक्षा अवधिमा मुलुकको चालू खाता पनि एक खर्ब ४८ अर्ब ५७ करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा चालू खाता एक खर्ब ६२ अर्ब ५६ करोडले बचतमा थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा एक अर्ब २२ करोडले बचतमा रहेको चालू खाता समीक्षा अवधिमा एक अर्ब आठ करोडले बचतमा छ ।

चालू आयको पुस मसान्तसम्म खुद पुँजीगत ट्रान्सफर चार अर्ब २९ करोड छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर तीन अर्ब ११ करोड थियो । यसैगरी, समीक्षा अवधिमा छ अर्ब ५० करोड प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) आप्रवाह चार अर्ब ५४ करोड रहेको छ ।

२३ खर्ब १६ अर्ब नाघ्यो विदेशी मुद्रा सञ्चिति

विदेशी मुद्रा सञ्चिति बढेको छ । २०८१ असार मसान्तमा २० खर्ब ४१ अर्ब ९० करोड रूपैयाँबराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १३ दशमलव पाँच प्रतिशतले बढेर २०८१ पुस मसान्तमा २३ खर्ब १६ अर्ब ८४ करोड रूपैयाँ पुगेको छ ।

अमेरिकी डलरमा यस्तो सञ्चिति २०८१ असार मसान्तमा १५ अर्ब २७ करोड रहेकोमा २०८१ पुस मसान्तमा ९० दशमलव तीन प्रतिशतले बढेर १६ अर्ब ८४ करोड पुगेको छ । कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८१ असार मसान्तमा १८ खर्ब ४८ अर्ब ५५ करोड रहेकोमा २०८१ पुस मसान्तमा १२ दशमलव एक प्रतिशतले बढेर २० खर्ब ७२ अर्ब ३४ करोड पुगेको छ । बैंक तथा वित्तीय संस्था अर्थात् नेपाल राष्ट्र बैंकबाहेकसँग रहेको विदेशी विनिमय सञ्चिति २०८१ असार मसान्तमा एक खर्ब ९२ अर्ब ५५ करोड रहेकोमा २०८१ पुस मसान्तमा २७ प्रतिशतले बढेर दुई खर्ब ४४ अर्ब ५० करोड कायम भएको छ । २०८१ पुस मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २४ दशमलव तीन प्रतिशत छ ।

आर्थिक वर्ष २०८१/८२ को ६ महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १७ महिना नौ दिनलाई पुग्ने वस्तु आयात र ४४ महिना ९२ दिनलाई पुग्ने वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । २०८१ पुस मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ४० दशमलव छ प्रतिशत, एक सय २० दशमलव तीन प्रतिशत र ३२ प्रतिशत छन् । २०८१ असार मसान्तमा उक्त अनुपातहरू क्रमशः ३५ दशमलव आठ प्रतिशत, एक सय आठ दशमलव छ प्रतिशत र २९ दशमलव तीन प्रतिशत थियो ।

सेवा आय ४३ अर्ब रुपैया घाटामा

मुलुकको खुद सेवा आय घाटामा देखिएको छ । नेपाल राष्ट्र बैंकका अनुसार गत पुस मसान्तसम्म खुद सेवा आय ४३ अर्ब ५३ करोड रूपैयाँ घाटामा छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय ३५ अर्ब ४३ करोड रूपैयाँले घाटामा थियो ।

सेवा खाताअन्तर्गत समीक्षा अवधिमा भ्रमण आय पाँच दशमलव एक प्रतिशतले बढेर ४१ अर्ब ८६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ३९ अर्ब ८२ करोड रूपैयाँ थियो । प्रतिवेदनअनुसार चालू आर्थिक वर्षको छ महिनामा सेवा खाताअन्तर्गत भ्रमण व्यय नौ दशमलव सात प्रतिशतले बढेर एक खर्ब एक अर्ब ९२ करोड रूपैयाँ पुगेको छ । शिक्षार्थको व्यय ५६ अर्ब ८३ करोड रूपैयाँ छ । अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय ९२ अर्ब ८७ करोड रूपैयाँ रहेकोमा शिक्षार्थको व्यय ५८ अर्ब ९५ करोड रूपैयाँ थियो ।

आयात...

व्यापारसम्बन्धी सम्झौता भएको भए त्यस्तो सम्झौताको प्रतिकूल हुनेगरी निकासी गर्नुपर्नेछ ।

विदेशी व्यक्तिबाट कच्चापदार्थ वा सहायक कच्चापदार्थ प्राप्त गरी कुनै वस्तुको आंशिक वा पूर्णरुपमा निर्माण, उत्पादन, प्रशोधन वा डिजाइनमा परिवर्तन गरी तयार भएको वस्तु तोकिएबमोजिमको प्रक्रिया पूरा गरी निकासी गर्न सक्नेछ । व्यापारिक प्रयोजनको लागि बाहेक नेपालको भू-भाग हुँदै अर्को मुलुकमा निकासी गर्नेगरी कुनै वस्तु पैठारी गर्नु पर्दा पैठारीकर्ताले विभागबाट तोकिएबमोजिम पारवहन (ट्रान्जिट) सुविधाको अनुमति लिनुपर्नेछ । मन्त्रालयका सहसचिव एवं प्रवक्ता जितेन्द्र बस्नेतले राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान बढाई देशको आर्थिक विकासमा व्यापारलाई व्यवस्थित, पारदर्शी एवं सहज बनाउन निकासी पैठारी सम्बन्धित प्रचलित कानुनलाई समयानुकूल संशोधन र एकीकरण गर्नका लागि समेत नयाँ कानुनको आवश्यक रहेको भन्दै विधेयक प्रस्तुत गरिएको जानकारी दिए ।

वैदेशिक व्यापारमा आएका नयाँ अवधारणासँगै निकासी पैठारी व्यवस्थालाई थप व्यवस्थित, पारदर्शी बनाई निकासी पैठारी हुने वस्तु वा सेवाको नियमन कार्यलाई प्रभावकारी बनाई निकासी पैठारीसम्बन्धी कार्यलाई थप सहजीकरण गर्न समायानुकूल संशोधन र एकीकरण गर्न आवश्यक देखिएको कारण विधेयक निर्माण गरिएको बताइएको छ । निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ र भन्सार ऐन, २०६४ को दफा ८९ खा लाई संशोधन र एकीकरण गरी नयाँ विधेयक तयारी गरिएको बताइएको छ ।

स्वदेश वा विदेश मेला वा प्रदर्शनीको लागि निकासी वा पैठारी गर्न सकिनेछ । स्वदेश वा विदेशमा आयोजना हुने औद्योगिक वा व्यापारिक मेला वा प्रदर्शनीको लागि कुनै वस्तु निकासी वा पैठारी गर्नुपरेमा विभागले प्रचलित कानुनबमोजिम सम्बन्धित निकायको सिफारिसमा त्यस्तो वस्तु निकासी वा पैठारी गर्न अनुमति दिन सक्नेछ । औद्योगिक वा व्यापारिक मेला वा प्रदर्शनीको लागि कुनै वस्तु निकासी वा पैठारी गरेकोमा त्यस्तो वस्तु बिक्री नभई बाँकी रहन गएमा विभागले त्यसरी बाँकी रहेको वस्तुको निकासी वा पैठारी गर्न अनुमति दिन सक्नेछ ।

वस्तु वा सेवाको निकासी तथा पैठारी गर्दा भने निर्धारित भन्सार बिन्दुको प्रयोग गर्नुपर्ने बताइएको छ । वस्तु वा सेवा कुनै निश्चित भन्सार बिन्दुबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी प्रचलित कानुनबमोजिम भन्सार बिन्दु तोकिएकोमा निकासीकर्ता वा पैठारीकर्ताले सोही भन्सार बिन्दुबाट मात्र त्यस्तो वस्तु वा सेवा निकासी वा पैठारी गर्नुपर्ने व्यवस्था गरिएको छ ।

विधेयकले निकासीमा प्रोत्साहन, निर्यात गृह र कोषको समेत परिकल्पना गरेको छ । स्वदेशी श्रम, सीप र कच्चापदार्थ प्रयोग गरी उत्पादित वस्तु वा त्यस्तो वस्तुसँग सम्बद्ध सेवाको निकासीलाई प्रोत्साहन गर्न नेपाल सरकारले त्यस्तो वस्तु वा सेवाको निकासीमा विशेष सुविधा वा सहुलियत प्रदान गर्न सक्नेछ । सुविधा वा सहुलियतका लागि भने निश्चित सर्तहरुको व्यवस्था गरिएको छ । नेपालमा उत्पादन भएको वस्तु स्थानीय बजारबाट खरिद, सङ्कलन, प्रशोधन वा प्याकेजिङ गरी निकासी गर्ने प्रयोजनको लागि नेपाल सरकारले निर्यात गृह स्थापना गर्न वा निर्यात गृह स्थापना गर्न स्वीकृति दिन सक्नेछ । मन्त्रालयले मातहतको कुनै निकाय वा प्रचलित कानुनबमोजिम स्थापित संस्थामार्फत नेपालमा उत्पादन हुने वस्तुको उत्पत्तिको प्रमाणपत्र जारी गर्नसक्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ र निकासी प्रोत्साहन तथा प्रवर्द्धन गर्नको लागि नेपाल सरकारले निकासी प्रवर्द्धन कोषको स्थापना गर्न सक्नेछ । कोषको लागि नेपाल सरकारले आवश्यकताअनुसार रकम उपलब्ध गराउनेछ । कोष सञ्चालन संरचनका लागि भने सरकारले आवश्यकताअनुरुप मापदण्ड तय गर्ने बताइएको छ ।

अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण तथा पारदर्शिता कायम राख्न एक व्यापार सहजीकरण तथा पारदर्शिता एकाइको व्यवस्था गरिएको छ । उक्त एकाइमा वाणिज्य सचिवको संयोजकत्वमा छ सदस्यीय र एक सदस्य सचिवको समितिको व्यवस्था गरिएको छ । सदस्यहरुमा नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नर, अर्थका सहसचिव, कृषिका सहसचिव, कानुनका सहसचिव, भन्सारका महानिर्देशक र राजस्वका महानिर्देशक भन्सारका महानिर्देशक सदस्य सचिव हुने व्यवस्था गरिएको छ । एकाइले आवश्यकताअनुरुप बैठक बस्न सक्ने व्यवस्था गरेको छ ।

निक्षेप उपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

गोपाल कृष्ण मानन्धरको छोरा, कविता मानन्धरको पति, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २० बसी आउनु भएका रवि कृष्ण मानन्धरको मिति २०७५/१०/०५ मा मृत्यु भएकोले निजको नाउँमा यस विकास बैंकको संयुक्त बचत खाता नं. ०९२०१०००२५०१०१०००००१ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २० बस्ने निज मृतकको पत्नी कविता मानन्धर तथा संयुक्त खातावाला मोहन कृष्ण मानन्धर र सुरेश मानन्धरले निवेदन दिनु भएको हुंदा उक्त निक्षेप रकममा निज निवेदक बाहेक अन्य कसैको समेत हक लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमका अधाधिकारवाला हकदारहरुको यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो भएको सबुत प्रमाण सहित यस बैंकको शाखा कार्यालय भद्रविर, काठमाडौंमा निवेदन उपर हकदावी गर्नुहोला । सूचनाको म्याद भित्र प्राप्त नभएमा र कानून बमोजिम रित नपुगेका निवेदन उपर कुनै कारवाही नहुने र म्याद व्यतित भएपछि निवेदन माग बमोजिम भइ जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

जुथोलि विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
सीमित दायित्व / लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र वितरण संस्था)
कोर्पोरेट कार्यालय: का.म.न.पा. वडा नं. ८, बागबजार, काठमाडौं, नेपाल, फोन नं. ४१५१७०६-१२
शाखा कार्यालय: भद्रविर, काठमाडौं, फोन नं. ४१५१४१७
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

निक्षेप उपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

बासुदेव भण्डारीको छोरी, नमस थिमिरेको पत्नी, महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १ बसी आउनु भएकी गीता कुमारी भण्डारी थिमिरेको मिति २०८०/०६/१८ मा मृत्यु भएकोले निजको नाउँमा यस विकास बैंकको बचत खाता नं. ००३०१०००७५२६०१०००००१ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १ बस्ने निज मृतकको पति नमस थिमिरेले निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकममा निज निवेदक बाहेक अन्य कसैको समेत हक लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमका अधाधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो भएको सबुत प्रमाण सहित यस बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीमा निवेदन उपर हकदावी गर्नुहोला । सूचनाको म्याद भित्र प्राप्त नभएमा र कानून बमोजिम रित नपुगेका निवेदन उपर कुनै कारवाही नहुने र म्याद व्यतित भएपछि निवेदन माग बमोजिम भइ जाने व्यहोरा समेत

मोरङमा मौलिक भान्छा घरको नयाँ शाखा

आर्थिक संवाददाता
काठमाडौं, माघ २०

काठमाडौंको कपनस्थित मौलिक बजार तथा मौलिक भान्छाघरले कोशी प्रदेशको मोरङमा आफ्नो सेवा विस्तार गरेको छ । 'मौलिक बजार सोमबारे जाऔं, मौलिक भान्छामा रमाऔं, ७ प्रदेशको परिकार खाऔं, सात सय ५३ गाउँको उत्पादन लैजाऔं' भन्ने स्लोगनसहित मौलिक भान्छा घरले मोरङमा नयाँ शाखा विस्तार गरेको हो ।

मौलिक भान्छा घरले नेपाली मौलिक स्वादलाई जगेर्ना गर्दै ग्राहकहरूलाई स्वच्छ, स्वस्थ, र परम्परागत परिकार प्रदान गर्दै आएको जनाएको छ । यस्तै, मोरङमा नयाँ शाखा विस्तारले

स्थानीय कृषक, उत्पादक, र सेवा प्रदायकलाई समेत प्रत्यक्षरूमा फाइदा पुऱ्याउने मौलिक भान्छा घरले विश्वास लिएको छ । मौलिक भान्छा घरमा कोदो, फापर, जौ, मकैको म:म, चाउमिन, थुक्पा, थेन्दुक, पिज्जा, कुकिज र केकलगायतका विशेष परिकारहरु पाइन्छन् । यसका साथै, प्रदेशस्तरीय परिकारहरुमा कोशी प्रदेश (किनेमा, याडवने र भक्का), मधेश प्रदेश (बगिया, तरुवा), बागमती प्रदेश (योमरी र बारा), गण्डकी प्रदेश (जेठोबुढो चामलको खिर, सेलरोटी), लुम्बिनी प्रदेश (खिचडी र ढिकी), कर्णाली प्रदेश (मार्सी खाना सेट, बटुक) र सुदूरपश्चिम प्रदेश (माडा र तले रोटी) पाइन्छ ।

साथै, मौलिक बजारको सुरुवात समेत गरिएको छ । मौलिक बजार एउटा यस्तो प्लेटफर्म हो, जहाँ स्थानीय उत्पादनहरु (विशेषगरी नेपाली कृषि तथा खाद्य सामग्री, हर्बल कस्मेटिक्स, मसला, अदुवा लसुन पेस्ट, हस्तकला र मौलिक पहिचान बोकेका वस्तुहरु) बजारमा ल्याइनेछ । यस पहलले स्थानीय उत्पादकहरूलाई उचित मूल्यमा ग्राहकहरूसम्म पुऱ्याउने, नेपाली उत्पादनलाई प्रवर्द्धन गर्ने र परम्परागत व्यवसायलाई डिजिटलाइजेसनतर्फ लैजाने लक्ष्य राखेको छ ।

सागर ग्रुपको 'बेलियो मिट एन्ड ग्रिट एक्स्पो'

आर्थिक संवाददाता
काठमाडौं, माघ २०

सागर ग्रुपले 'बेलियो एक्सपेरियन्स टेक्नोलोजी एन्ड लाइफस्टाइल : मिट एन्ड ग्रिट एक्स्पो-२०२५' को आयोजना गर्ने भएको छ । बेलियो एक्सपेरियन्स सेन्टर कलंकीमा सागर ग्रुपले माघको २३ देखि २९ गतेसम्म उक्त एक्स्पो सञ्चालन गर्न लागेको हो ।

आफ्नो ब्रान्ड तथा प्रडक्टहरु प्रयोग, विशेषतालगायत वर्तमान समयमा आएको प्रविधि र विस्तारबारे जानकारी दिने उद्देश्यले एक्स्पोको आयोजना गरिएको सागर ग्रुपकी उपाध्यक्ष बुद्ध लक्ष्मी मानन्धर जानकारी दिइन् । तेस्रो संस्करणको यस एक्स्पोमा ब्रदर तथा कोनिका प्रिन्टर साथै एक्स-ल्याब ल्यापटप पनि राखिने छन् । यसैगरी, एक्स्पोमा क्यास्परस्की, आईडीपी, माइक्रोप्याक आदि ब्रान्डका सामान पनि उपलब्ध रहने बताइएको छ । सागर ग्रुपले एक्स्पोमा आएर प्रिन्टर वा कुनै सामान किन्दा विशेष छुटको व्यवस्था गरेको छ । सात दिने एक्स्पोमा टोनर बक्स सिरिजअन्तर्गतका प्रिन्टरहरु पनि लन्च गरिने छ । एक्स्पो अवधिभर टोनर बक्स सिरिजका प्रिन्टरको खरिदमा ५० प्रतिशतसम्म र ब्रदरका जुनसुकै प्रिन्टरको खरिद न्यूनतम २० प्रतिशत छुट उपभोक्ताले पाउने छन् ।

साना तथा ठूला व्यवसाय र व्यक्तिगत प्रयोगकर्ताहरुको लागि ब्रदर प्रिन्टर बजारमा निकै लोकप्रिय छन् । यी प्रिन्टरहरुको

उपयोगिताहरुलाई लिएर विशेषज्ञहरुद्वारा प्रशिक्षण पनि हुने सागर ग्रुपले बताएको छ । कार्यक्रममा अत्याधुनिक उत्पादनहरु र व्यक्तिगत उद्यम तथा पेसेवरहरुका लागि तयार पारिएका अनुपम अनुभवहरु पनि प्रस्तुत हुनेछ । एक्स्पोमा क्युआर कोडमार्फत नाम दर्ता गरेर नि:शुल्क प्रवेश गर्न सकिन्छ । क्युआर कोड प्रणालीमार्फत अनलाइन दर्ता गर्दा एक्स-ल्याब ल्यापटप जिल्ने अवसर ल्याइएको छ । यस्तै, मिट एन्ड ग्रिट एक्स्पोको अवसर पारेर सागर ग्रुपले इनेक्स क्यामेरा पनि लन्च गर्ने भएको छ । उक्त क्यामेराका तीन वटा मोडल लन्च हुने भएको हो ।

ब्रदर र कोनिका ब्रान्डका यी प्रिन्टर एक्स्पोमा

सागर ग्रुपले एक्स्पोमा ब्रदर र कोनिका ब्रान्डका विभिन्न मोडलका प्रिन्टर एक्स्पोमा राख्ने भएको छ । ब्रदर टोनर बक्स सिरिजअन्तर्गत ब्रदर डीसीपी-बी७६२०डीडब्लू ३-इन-१ लेजर प्रिन्टर-मोनो, ब्रदर डीसीपी-बी७६४०डीडब्लू ३-इन-१ लेजर प्रिन्टर-मोनो र ब्रदर एमएफसी-बी७८१०डीडब्लू लेजर एमएफसी प्रिन्टर-मोनो मोडलका प्रिन्टर रहेका छन् ।

यस्तै, उक्त सिरिजमै ब्रदर एचएल-बी२१००डी लेजर प्रिन्टर-मोनो,ब्रदरएचएल-बी२१५०डब्लू लेजर प्रिन्टर-मोनो र ब्रदर एचएल-बी२१८०बीडब्लू लेजर प्रिन्टर-मोनो मोडलको प्रिन्टर रहेको छ । फरक-फरक क्षमताका उच्च गुणस्तरयुक्त यी प्रिन्टरहरु आधुनिक फिचरले सुसज्जित छन् । यसैगरी कोनिका ब्रान्डका कोनिका मिनोल्टा बीएच-सी२२६आई कलर फोटोकपी मेसिन, कोनिका मिनोल्टा बीएच-३०६आई बी/डब्लू फोटोकपीर मेसिन र कोनिका मिनोल्टा बीएच-२२५आई बी/डब्लू फोटोकपीर मेसिन मोडलका प्रिन्टर एक्स्पोमा रहेन बताइएको छ । अनलाइन सुविधाको लागि बेलियो डटकममार्फत् पनि यी प्रडक्टहरु खरिद गर्नका साथै बुझ्न सकिने सागर ग्रुपले जानकारी दिएको छ ।

चेम्बर एक्स्पोमा कजारिया टाइल्सप्रति चासो

आर्थिक संवाददाता
काठमाडौं, माघ २०

नेपाल चेम्बर अफ कमर्सले आयोजना गरेको आठौं चेम्बर एक्स्पोमा कजारिया टाइल्सप्रति अवलोकनकर्ताहरूले चासो देखाएका छन् ।

रमेश टाइल्स लिमिटेडले एक्स्पोमा एक आकर्षक स्टल बनाएको थियो । जहाँ नेपालमै उत्पादन भएका उच्च गुणस्तर र आकर्षक डिजाइनका टाइल्स प्रदर्शनमा राखिएका थिए । मजबुती, आकर्षक डिजाइन र अत्युत्तम गुणस्तरको लागि प्रख्यात कजारिया रमेश टाइल्स लिमिटेडका उत्पादनहरुमा

दर्शकले विशेष चासो व्यक्त गरेका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीले समेत कजारियाको स्टलसहित विभिन्न अन्य स्टलहरुको भ्रमण गरेका थिए । कजारिया रमेश टाइल्स लिमिटेडको टोलीले आफ्नो उत्पादनहरुका बारेमा प्रधानमन्त्रीलाई जानकारी गराएको थियो ।

रमेश कर्प र भारतको टाइल उत्पादक कजारिया सेरामिक्स लिमिटेडको संयुक्त उद्यम कजारिया रमेश टाइल्स लिमिटेडले नवलपरासीमा नेपालको सबैभन्दा ठूलो टाइल उत्पादन प्लान्ट स्थापना गरेको छ । आयोजनाले स्थानीय कच्चा पदार्थ प्रयोग गरी वार्षिक पाँच दशमलव दुई लाख वर्गमिटर टाइल उत्पादन गर्नेछ । यो प्लान्टले स्थानीय अर्थतन्त्रलाई उल्लेखनीयरूमा बढावा दिनुका साथै हजारौं रोजगारीका अवसरहरु प्रदान गरेको कम्पनीले जनाएको छ ।

Find us on : facebook/ aarthikdainik

आर्थिक
राष्ट्रिय दैनिक

सम्पादकीय

तथ्याङ्कसँग प्रधानमन्त्रीकै छेडखानी

प्रधानमन्त्रीले संसद्मा दिएको जानकारी र देशको अवस्थामा मेल खाएको देखिँदैन । गएको शुक्रबार सुरूभएको हिउँदे अधिवेशनलाई सम्बोधन गर्दै प्रधानमन्त्री केपी ओलीले जे-जेभन्दा वा जानकारी गराउँदा देशको अवस्था धेरै सुधार भएको देखिन्छ उनले त्यही-त्यही बोलेको आरोप लागेको छ । कतिसम्म भने अवस्था खराब छ है भन्ने विवरणहरु कि लुकाए कि अघिल्लो सरकारको अकर्मण्यताले यस्तो स्थिति आएको भनेर पन्छिन खोजे । जबकि अघिल्लो सरकार पनि आफ्नै समर्थनबाट बनेको हो भन्ने यो ठाउँमा बिर्सिइयो । जस्तो अहिले विगतका कानुनहरु कार्यान्वनमा नआएको कुराले नेपालको अवस्था खराब सूचीमा तर्दा हुने खतरा आइपरेको विषय यतिबेला धेरै चर्चामा छ । तर प्रधानमन्त्रीले यो अवस्था अघिल्लो सरकारको अकमर्ण्यताका कारण आएको भनेर जानकारी गराए । जबकि उनको सरकारको कार्यकाल सातौँ महिना पूरा गर्दैछ । सुरुमै ती कानुनहरु कार्यान्वयन गर्न थालिएको भए ग्रे-लिस्टको खतरा टर्ने थियो । तर त्यसो गरिएन ।

यस दिन संसद्मा प्रधानमन्त्रीले छ महिनाअघिको जस्तो अर्थतन्त्रमा विकराल अवस्था नभएको जनाए । उनका अनुसार अर्थतन्त्रमा व्यापक सुधार आएका कुरा परिसूचकहरुले नै देखाइरहेका छन् जो राम्रा छन् । बिग्रिएको अवस्थामा अब सुधार आएको छ । तर चालू आर्थिक वर्षको पहिलो त्रैमासिकले सुधार भएको होइन बरू झन् खराब भएको देखाउँछ । तथ्याङ्कहरुले नै यो कुरा बताउँछन् । त्यसमध्येको एउटा हो आर्थिक वृद्धिदर घट्नु । यो समयको आर्थिक वृद्धिदर पछिल्ला चार वर्षयताकै न्यून भएको भनेर राष्ट्रिय तथ्याङ्क कार्यालयकै प्रतिवेदनले बताएको हो । ओलीको सरकार गठन भएपछिका चालू आवको पहिलो त्रैमास साउन-असोजमा मुलुकको आर्थिक वृद्धिदर तीन दशमलव चार प्रतिशत हुनु पछिल्ला चार आवको सोही अवधिको तुलनामा सबैभन्दा कम हो भनेर राष्ट्रिय तथ्याङ्क कार्यालयले नै टिप्पणी गरेको छ । चालू आर्थिक वर्षमा सरकारको यस्तो वृद्धिदरको लक्ष्य भने छ प्रतिशतको छ । तर यो तीनमहिनाको प्रगतिले लक्ष्य प्राप्त हुनेमा शंका गर्ने ठाउँ बनाएको देखिन्छ । अघिल्लो आव २०८०/८१ को पहिलो त्रैमासमा आर्थिक वृद्धिदर तीन दशमलव छ प्रतिशत थियो । त्यस्तै, २०७९/८० को पहिलो त्रैमासमा चार दशमलव छ प्रतिशत र त्यसअघि आव २०७८/७९ को पहिलो त्रैमासमा तीन दशमलव आठ प्रतिशतको आर्थिक वृद्धिदर थियो । यी वर्षका तुलनामा चालु वर्षका आर्थिक वृद्धिदर तीन दशमलव चार रहनु आफैँमा कम नै हो । निश्चय नै यो सूचकाङ्क सकारात्मक होइन ।

प्रधानमन्त्रीले भनेअनुसार चालू आर्थिक वर्षको छ महिनामा पुँजीगत खर्च १५ प्रतिशतले वृद्धि भएको अवस्था छ । तर महालेखा नियन्त्रकको कार्यालयले चालू आवको छ महिनामा सरकारबाट पुँजीगत खर्च ५६ अर्ब ९४ करोड मात्रै भएको छ । चालु आवको पुँजीगत तीन खर्ब ५२ अर्ब विनियोजन भएको थियो । अबको बाँकी समय अर्थात् छ महिनामा दुई खर्ब ९५ अर्ब खर्च गर्नुपर्छ । मूल्यवृद्धि पनि यी छ महिनामा निकै बढेको देखिन्छ । राष्ट्र बैंकका अनुसार चालू आव २०८१/८२ को मंसिर मसान्तसम्म मूल्यवृद्धि छ दशमलव शून्य पाँच प्रतिशत कायम भएको छ । राष्ट्र बैंकका अनुसार नै भदौमा तीन दशमलव ८६ प्रतिशत, असोजमा चार दशमलव ८१ प्रतिशत, कात्तिकमा पाँच दशमलव छ प्रतिशत पुगेको मुद्रास्फीति मंसिरमा छ दशमलव शून्य पाँच प्रतिशत कायम भयो । अघिल्लो आर्थिक वर्ष २०८०/८१को मंसिर मसान्तसम्म मूल्यवृद्धि चार दशमलव ९५ प्रतिशत थियो । प्रधानमन्त्रीले भनेजस्तै आर्थिक गतिविधिमा सुधार आउनु राम्रो हो । तर संकेत भने त्यस्तो देखिँदैन । प्रधानमन्त्रीले नै तथ्याङ्क यताउता पारेर प्रस्तुत गर्नु झनै खराब हो ।

अर्थ

वित्तीय शब्दकोष

ऋषिलाल श्रेष्ठ

Bill (विज्ञक)

अन्य व्यक्तिलाइ बस्तु वा सेवा उपलब्ध गराए बापत उपलब्ध गराएको बस्तु सेवा परिमाण मूल्य आदि उल्लेख गरीदिने विवरण - बिल ।

Bill of Exchange (विनिमय विज्ञक)

कुनै एक व्यक्तिले अर्को व्यक्तिको नाममा बिना सर्त तोकिएको मिति वा समयमा निश्चित रकम लिखतमा उल्लेख भएको व्यक्ति वा उसको आदेशमा भुक्तानी पाउने गरी सहिछाप गरी दिएको लिखत ।

नेपालमा भारतीय बजेटको प्रभाव

शंकर मान सिंह

> **नेपालको अर्थ मन्त्रालयले उपरोक्त भारतको नयाँ बजेटले अवलम्बन गरेको व्यवस्थाले आफ्नो अर्थतन्त्रमा पारेको सकारात्मक र नकारात्मक असरबारे अध्ययन सुरु गर्नुपर्छ ।**

निर्मला सीतारमणको आठौँ बजेट भाषण केन्द्रीय बजेट २०२५ वित्तमन्त्री निर्मला सीतारमणको मोदी ३.० मा दोस्रो पूर्ण बजेट र संसद्मा समग्रमा उनको आठौँ बजेट प्रस्तुति हो । हालसम्म वित्तमन्त्री सीतारमणले नरेन्द्र मोदीको नेतृत्वमा रहेको एनडीए सरकारहरुमा छ वार्षिक र दुई अन्तरिम बजेट प्रस्तुत गरिसकेका छन् । हलीको बजेटमा भारतले मध्यमवर्गीय परिवारलाई लक्षित गर्दै आयकरमा ठूलो फेरबदल गरेर आर्थिक वर्ष २०२५/२६ को बजेट घोषणा गरेको छ । भारतीय जनता पार्टी (भाजपा) नेतृत्वको मोदी सरकारले चालू वर्षका लागि मध्यमवर्गीय परिवारलाई लक्षित गर्दै बजेट ल्याएको अनुभूत हुन्छ ।

वित्तमन्त्रीले विकासका छ इन्जिनहरु राखेको देखिन्छ । कृषि: नयाँ योजनाहरु र किसान कल्याणमा फोकसअन्तर्गतः प्रधानमन्त्री धनधन्य कृषि योजना, महत्वाकांक्षी जिल्ला कार्यक्रमबाट प्रेरित नयाँ कार्यक्रम, कम उत्पादकत्व, मध्यम फसल तीव्रता र औसत ऋण मापदण्डभन्दा कम भएका एक सय जिल्लाहरुलाई समेटेर राज्यहरुसँग साझेदारीमा सुरू गरिने भनिएको छ । यस योजनाले कृषि उत्पादकत्व वृद्धि गर्ने, बाली विविधीकरण र दिगो अभ्यासलाई प्रवर्द्धन गर्ने, फसलपछिको भण्डारण सुधार गर्ने, सिंचाइ सुविधामा सुधार गर्ने र ऋण उपलब्धतालाई सहज बनाउने लक्ष्य राखेको छ, जसबाट एक करोड ७० लाख किसान लाभान्वित हुने अपेक्षा गरिएको छ । साथै, ग्रामीण समृद्धि र लचिलोपन कार्यक्रमअन्तर्गत दालमा आत्मनिर्भरताका लागि मिसन, भारतको राष्ट्रिय कृषि सहकारी मार्केटिङ फेडरेसन र भारतीय राष्ट्रिय सहकारी उपभोक्ता महासंघजस्ता केन्द्रीय एजेन्सीहरुसँग तुर, उराद र मसुरमा केन्द्रित हुँदैछ वर्षको मिसन सुरू गरिने भनिएको छ ।

दोस्रो इन्जिनको रुपमा एमएसएमईहरु: क्रेडिट, प्रविधि, र वृद्धिमा फोकस गर्नुहोस् एक करोडभन्दा बढी दर्ता भएका एमएसएमईहरु, सात करोड ५० लाख मानिसहरुलाई रोजगारी दिएका छन् र भारतको उत्पादन उत्पादनको ३६ प्रतिशतका लागि जिम्मेवार छन् । भारतलाई एक अग्रणी वैश्विक उत्पादन केन्द्रको रुपमा स्थापित गर्न काम गरिरहेका छन् । यी एमएसएमईहरु तिनीहरुको उच्च-गुणस्तरका उत्पादनहरुका लागि परिचित छन्, देशको निर्यातको ४५ प्रतिशतका लागि योगदान गर्छ । तेस्रो इन्जिनको रुपमा लगानीः मानिसहरु, अर्थव्यवस्था र नवीनतामा फोकस दिने कुरा उल्लेख छ ।

चौथो इन्जिनको रुपमा निर्यातअन्तर्गत प्रवर्द्धन, पूर्वाधार र विश्वव्यापी एकीकरण, निर्यात प्रवर्द्धन मिसन, क्षेत्रीय र मन्त्रीस्तरीय लक्ष्यसहित निर्यात प्रवर्द्धन मिसन स्थापना गरिने कुरा उल्लेख छ । इन्धनको रुपमा सुधारहरुः कर, वित्तीय र नियामक सुधारअन्तर्गत कर सुधारहरुमा गत दशकमा, सरकारले धेरै करदातामैत्री सुधारहरु लागू गरेको छ, जसमा अनुहाररहित मूल्याङ्कन, करदाता चार्टर, छिटो फिर्ता, लगभग सबै फिर्ताहरुको लागि आल-मूल्याङ्कन आदि प्रमुख छन् ।

वित्तीय नीतिअन्तर्गत एकीकरण र ऋण घटाउने प्रतिबद्धताअन्तर्गत सरकारले जुलाईको बजेटमा बाचा गरेअनुसार वित्तीय सुदृढीकरणको लागि आफ्नो प्रतिबद्धता पुनः पुष्टि गऱ्यो । केन्द्र सरकारको ऋणको लागि जीडीपीको प्रतिशतको रुपमा घट्दो प्रक्षेपण सुनिश्चित गर्न वार्षिक वित्तीय घाटा व्यवस्थापन गर्ने लक्ष्य छ । वित्तीय उत्तरदायित्व र बजेट व्यवस्थापन कथनले यस उद्देश्यको लागि छ वर्षको रोडम्यापको विवरण दिएको छ ।

भारतीय वित्तमन्त्री निर्मला सीतारमणले आयकरमा ठूलै फेरबदलको घोषणा गरेकी हुन् । उनले बजेट प्रस्तुत गर्दै आर्थिक वर्ष २०२५/२६ का लागि वार्षिक १२ लाख रूपैयाँसम्मको आम्दानीमा आयकर नलाग्ने घोषणा गरिन् । वित्तमन्त्री सीतारमणको यो घोषणाले भारतमा रहेका ठूलो संख्याका मध्यमवर्गीय जनसंख्यालाई प्रत्यक्ष लाभ पुग्छ । नयाँ कर व्यवस्थाअनुसार अब १२ लाखसम्म आम्दानी गर्दा आयकर लाग्ने छैन । नेपालले यस्मा पुनर्विचार र पुनरावलोकन गर्नुपर्ने बेला आयो ।

यसै सन्दर्भमा नेपालमा भने अविवाहित र विवाहितका लागि आयकरको सीमा भिन्नभिन्नै छ । अविवाहितको हकमा पाँच लाख रूपैयाँसम्म वार्षिक आम्दानीमा एक प्रतिशत कर लाग्छ भने विवाहितको हकमा छ लाख रूपैयाँसम्मको आम्दानीमा एक प्रतिशत कर बुझाउनुपर्ने व्यवस्था छ ।

भारतको विदेश मामिला मन्त्रालयले आर्थिक वर्ष २०२५/२६ का लागि विदेशी सहायताअन्तर्गत ५४ अर्ब ८३ करोड भारू विनियोजन गरेको छ । यो अघिल्लो वर्षको संशोधित ५८ अर्ब छ करोड भारूभन्दा कम हो । नेपालका लागि भारतले अघिल्लो वर्षको जस्तै यस वर्ष पनि सात अर्ब भारू सहायता रकम विनियोजन गरेको छ । यो सहयोग मुख्यतः पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, ऊर्जा तथा सीमा क्षेत्रमा सहकार्य प्रवर्द्धन गर्न केन्द्रित हुने अपेक्षा गरिएको छ । सहयोग रकम थपघट नगर्नुलै भारतले नेपाललाई राखेको प्राथमिकता नघटाएको देखिएको छ ।

'भारतट्रेडनेट' इन्टर्नका लागि व्यापार दस्तावेज र वित्तीय समाधानका लागि एकीकृत प्लेटफर्मको रुपमा स्थापना गरिने भनिएको छ । बजेट सरसरी हेर्दा किसानहरुका लागि उच्च ऋण, मध्यम वर्गका लागि कर कटौती, स्वास्थ्य सेवा र शिक्षामा रेकर्ड लगानी र नवीनता र उत्पादनमा ध्यान केन्द्रित छन् । यस वर्षको बजेटबाट सबैभन्दा आर्थिक वृद्धि, सामाजिक कल्याण र प्राविधिक विकासको लागि रोडम्याप भनेर उल्लेख गर्दै २०२५/२६ को केन्द्रीय बजेट प्रस्तुत गरेका छन् ।

कृषि, पूर्वाधार, कर राहत र डिजिटल रुपान्तरणका लागि बलियो धकबाको साथ, बजेटले रक्षा आधुनिकीकरण, साइबर सुरक्षा र अन्तरीक्ष अन्वेषणमा पनि जोड दिएको छ । किसानहरुका लागि उच्च ऋण, मध्यम वर्गका लागि कर कटौती, स्वास्थ्य सेवा र शिक्षामा रेकर्ड लगानी, नवीनता र उत्पादनमा ध्यान केन्द्रित छन् । यसबाट नेपालमा पर्ने असर हेर्नुपर्ने हुन्छ ।

बजेटले नीतिगत समायोजन र कोष विनियोजनमार्फत धेरै क्षेत्रहरुमा संरचनात्मक परिवर्तनहरु ल्याएको देखिन्छ । उपायहरु सार्वजनिक पूर्वाधार, सामाजिक कार्यक्रमहरु र आर्थिक सुधारहरु फैलिएका छन् । सन् २०२६ सम्म कार्यान्वयनको लागि एक रूपरेखा सेट गरेको छ । राज्य सरकारहरुले विशेष पहलहरुको लागि समर्थन प्राप्त गर्नेछन् । वित्तमन्त्रीले भने जबकि उद्योग प्रोत्साहनहरु उत्पादन र प्रविधि विकासलाई लक्षित गर्दछ ।

नेपालको अर्थ मन्त्रालयले उपरोक्त भारतको नयाँ बजेटले अवलम्बन गरेको व्यवस्थाले आफ्नो अर्थतन्त्रमा पारेको सकारात्मक र नकारात्मक असरबारे अध्ययन सुरू गर्नुपर्छ । हुन त सार्वजनिक नहुने गरी नेपाल राष्ट्र बैंकले समेत विगतदेखि भारतीय बजेटको प्रभावको अध्ययन गर्दै आइरहेको छ । भारत नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार हो, जसको दुईतिहाइ व्यापार भारतमा निर्भर छ र भारतको विनिमय दर, मुद्रास्फीति, वृद्धि र अन्य प्रमुख आर्थिक तथा व्यापार नीतिहरुमा कुनै पनि परिवर्तनले नेपालको अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्छ । हालैको भारतीय बजेटको सम्भावित प्रभाव अध्ययन गरी आगामी आर्थिक वर्षको बजेटमा सम्बोधन गर्ने उपाय खोज्न अर्थ मन्त्रालयका वरिष्ठ अधिकारी संलग्न कार्यदल समेत गठन होला भन्ने अपेक्षा गरौँ ।

भारतीय बजेटको यदि प्रभाव सकारात्मक छ भने त्यस्ता अवसरहरु प्रयोग गर्न थप अध्ययन हुनुपर्ने र यदि यो नकारात्मक छ भने नेपालले प्रतिबद्ध उपायहरु त्याउनुपर्ने स्थिति हुन्छ । छिमेकी मुलुक भारतले यो वर्ष उत्पादन र आत्मनिर्भरतालाई मूल प्राथमिकतामा राखेर बजेट ल्याएको छ । यसका लागि विभिन्न क्षेत्रमा कर छुटको घोषणासँगै प्रोत्साहनका कार्यक्रमहरु समेत ल्याएको छ । जसले नेपालको उद्योग र व्यवसायमा नकारात्मक प्रभाव पर्ने देखिन्छ ।

भारतले राजस्व, कर नीति, निर्यात, स्वदेशी भारतीय उत्पादनमा लगाएको कर र यसले नेपालको अर्थतन्त्रमा पार्ने प्रभाव, मुद्रास्फीति र वृद्धिदरबारे अध्ययन गरी नेपालको बजेट तयार गर्नुअघि ठोस कार्यदिशा तय गर्नुपर्छ । दक्षिणी छिमेकी मुलुकबाट आयात हुने सम्भावित वृद्धि र भारतीय स्टार्टअप, मत्स्यलगायत कृषि क्षेत्रमा दिइने सुविधा अनुदानका कारण आन्तरिक कृषि क्षेत्रमा पर्ने जोखिमबारे अर्थ मन्त्रालयका अधिकारीहरु सचेत हुनु आवश्यक छ ।

खुला सिमाना र पछिल्लो समयसँग स्थिर विनिमय दर व्यवस्थाका कारण नेपालसँग भारतसँग घनिष्ठ आर्थिक सम्बन्ध छ । त्यसैले राष्ट्रिय अर्थतन्त्रको प्रभावकारी व्यवस्थापन र उदारीकरण र भू-मण्डलीकरणको राष्ट्रिय नीतिअन्तर्गत बाह्य विश्वसँग नेपालको आर्थिक साझेदारीबाट अधिकतम लाभ लिन नेपालले भारतको आर्थिक नीति तथा कार्यक्रमको नियमित अनुगमन गर्नुपर्छ ।

योसँगै नेपालमा विनिमय दर प्रणालीमा परिवर्तनको सम्भावना कम छ भारत क्रिपटो मुद्रा तर्फा जादा नेपालले के गर्ने हेर्न बाकीँ छ । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार, भारतीय रूपैयाँको स्थिर पेगले नेपाललाई राम्रो सेवा दिएको छ, यसले भारतबाट सकारात्मक आवेगहरु (वृद्धि/वित्तीय स्थिरता) पठाएको छ । यसले अपेक्षाहरु स्थिर र पारदर्शिता बढाएको छ । यसले विनिमय दर व्यवहारमा राजनीतिक अनिश्चितताको असरलाई जोगाएको छ भनिन्छ । तर त्यसमा समेत पुनरावलोकन गर्ने बेला हो कि सो छलफलको विषय हुन सक्छ ।

त्यसैगरी, विगतदेखि नै नेपालमा मुद्रास्फीति दर भारतमा प्रचलित मूल्यहरु विनिमय दरमा समायोजन गरी निर्धारण गरिन्छ । यद्यपि यो सबै समयका सबै वस्तुहरुमा लागू नहुने भए पनि मूल्यको औसतस्तर समयको अवधिमा दुई देशहरुबीचको फरक-फरक हुन सक्दैन ।

विशेष गरी आर्थिक वृद्धिदर, मूल्य र विनिमय दर यी तीन क्षेत्रले बजेटको नीति तथा कार्यक्रममा अत्यधिक प्रभाव पार्छन् । भारतीय बजेटले स्थिर मूल्यमा जीडीपी बढ्ने अपेक्षा गरेको छ, भारतले विनाहिचकिचाहट उच्चतम लक्ष्यको रुपमा वृद्धिलाई अँगाल्नुपर्छ ।

खाद्य मुद्रास्फीति चिन्ताजनक छ, आपूर्ति पक्ष बढाउन सबै कदम चाल्नेछ । यी दुवै लक्ष्य, विशेषगरी मूल्यले नेपाली अर्थतन्त्रमा प्रभाव पार्नेछ । भारतमा उच्च वृद्धिको प्रभाव सामान्यतया सकारात्मक हुनेछ, विशेषगरी भारतमा नेपाली वस्तुहरु निर्यात गर्ने सन्दर्भमा ।

यसले नेपाली उत्पादनको थप माग, नेपाल भ्रमणमा आउने पर्यटकको संख्यामा वृद्धि दोहरो कर उन्मुक्तिको सन्दर्भमा भारतीय लगानी पनि बढाउनेछ । यस्ता विकासका लागि स्थानीय वातावरण पनि उपयुक्त हुनुपर्छ र नीति पनि अनुकूल हुनुपर्छ भन्ने कुरामा कुनै शंका छैन ।

सार्वजनिक खरिदमा उपभोक्ता समितिहरूको दुरुपयोग

युवराज श्रेष्ठ

नेपालमा विकास निर्माणका कार्यहरु पारदर्शी, प्रतिस्पर्धात्मक र जनसहभागितामूलक हुनु अत्यावश्यक छ । सार्वजनिक खरिद ऐन, २०६३ ले प्रतिस्पर्धात्मक खरिद प्रक्रियालाई प्राथमिकता दिए पनि उपभोक्ता समितिहरुलाई एक करोड रूपैयाँसम्मको कार्य दिने प्रावधानले यो सिद्धान्तलाई नै चुनौती दिएको छ ।

उपभोक्ता समितिहरुको मुख्य उद्देश्य जनसहभागिता र श्रमदानको माध्यमबाट विकास निर्माणका कार्यहरु सम्पन्न गर्नु हो । सरकारले ७० देखि ८० प्रतिसम्म आर्थिक सहायता प्रदान गर्ने, बाँकी रकम तथा श्रमदान स्थानीय समुदायले जुटाउने व्यवस्था गरिएको थियो । तर हाल यस प्रणालीलाई मनपरी प्रयोग गरी विकृतिको रुपमा विकास गरिएको छ । उपभोक्ता समितिहरुलाई राजनीतिक कार्यकर्ता, पहुँचवाला व्यक्तिहरु, वा 'भोलेहरुद्वारा कब्जा गरी तिनीहरुलाई आर्थिक लाभ पुग्ने गरी प्रयोग गर्ने प्रवृत्ति मौलाएको छ ।

उपभोक्ता समिति स्थापनाको मूल उद्देश्य

उपभोक्ता समिति स्थापनाको मूल उद्देश्य समुदायको प्रत्यक्ष संलग्नता र श्रमदानको आधारमा विकास निर्माणका कार्यहरु सम्पन्न गर्नु थियो । यो प्रणाली विशेषगरी ग्रामीण विकासमा प्रभावकारी मानिन्थ्यो, जसमा स्थानीय जनश्रमदान, न्यून लागत र पारदर्शी खर्च प्रणालीको परिकल्पना गरिएको थियो ।

यसको प्रमुख उद्देश्यहरुमा जनसहभागिता सुनिश्चित गर्ने स्थानीय समुदायको स्वामित्व बढाउने, श्रमदानको अवधारणा विकास गर्ने आर्थिक साधनको अभावमा पनि श्रमदानको माध्यमबाट विकासका कार्यहरु सम्पन्न गर्ने, सस्तो, गुणस्तरीय र दिगो विकासका संरचना निर्माण गर्ने स्थानीय जनताको प्रत्यक्ष सहभागिताले कामको गुणस्तर वृद्धि पारदर्शी र सहज अनुगमन प्रणाली अपनाउने स्थानीय समुदाय आफैँले अनुगमन गर्ने भएकाले भ्रष्टाचारको सम्भावना न्यून पार्ने आदि रहेका छन् । तर पछिल्ले समय यो प्रणालीलाई नीतिगत भ्रष्टाचारको एउटा माध्यमका रुपमा प्रयोग गर्ने प्रवृत्ति व्यापक देखिएको छ ।

उपभोक्ता समितिहरुको दुरुपयोग र नीतिगत भ्रष्टाचार

हाल उपभोक्ता समितिहरु राजनीतिक पहुँच भएका व्यक्तिहरुका लागि आर्थिक लाभ लिने माध्यम बनेका छन् । उपभोक्ता समितिहरुको दुरुपयोग धेरै कारणहरुबाट गुम्दै गएका छन् । यसअन्तर्गत जनसहभागिता र श्रमदानको अवधारणा गुम्दै जानु प्रमुख रहेको छ । प्रारम्भमा उपभोक्ता समितिहरु जनसहभागिता र श्रमदानको अवधारणामा आधारित थिए । तर, हाल उपभोक्ता समितिहरुले समुदायको श्रमदान तथा योगदानविनै सरकारी रकमको भरमा ठेक्का दिन थालेका छन् । स्थानीय जनतालाई परियोजनासँग जोड्ने प्रयास नै नगरिएको पाइन्छ ।

उपभोक्ता समितिको नाममा ठेकेदारहरूकै एकाधिकार

राजनीतिक पहुँच भएका व्यक्तिहरुले आफ्ना कार्यकर्ता तथा नजिकका व्यक्तिहरुलाई उपभोक्ता समिति गठन गर्न लगाउँछन् । वास्तविक उपभोक्ताहरुको प्रतिनिधित्व हुने ठाउँमा स्वार्थी समूहहरुले कब्जा जमाएका छन् । यस्ता समितिहरुले पुनः ठेकेदारलाई नै कार्य गर्न दिने प्रवृत्ति देखिएको छ । ठेकेदारलाई दिइने रकमबाट 'कमिसन' काटेर काम गर्न लगाइन्छ ।

गुणस्तरहीन निर्माण कार्य र अनुगमनको अभाव

परियोजनाहरुको गुणस्तर नकारात्मकरुपमा प्रभावित भएको छ । सरकारले दिने ७० देखि ८० प्रतिशतसम्म रकम खर्च गरिए पनि जनसहभागिता नाम मात्रको हुने गरेको छ । परियोजना सम्पन्न भएको देखाउन मात्र गरिन्छ । तर वास्तविकरुपमा कामको गुणस्तर कमजोर हुन्छ ।

बजेट सक्ने नाममा भ्रष्टाचार

विकासको लागि भन्दा पनि बजेट सक्ने लक्ष्यसहित योजना बनाइन्छ । उपभोक्ता समितिहरुबाट गरिने कार्यहरु अनावश्यकरुपमा महँगो बनाइन्छ । बजेट सक्नकै लागि मनपरी कार्यहरु गरिन्छ, जसले दीर्घकालीनरुपमा समाजलाई असर गर्छ ।

बस्तो नीतिगत भ्रष्टाचारले पार्ने असरहरू

उपभोक्ता समितिहरुको दुरूपयोगले दीर्घकालीनरुपमा मुलुकको विकास प्रक्रियामा नकारात्मक असर पार्छ । यसका प्रमुख प्रभावहरु निम्न छन् :

क) करदाताको पैसाको दुरुपयोग

सार्वजनिक खरिद प्रक्रियाको मूल लक्ष्य नै कम लागतमा उत्कृष्ट सेवा प्रदान गर्नु हो । तर, जब उपभोक्ता समितिहरु ठेकेदारहरुकै नियन्त्रणमा आउँछन्, सरकारी बजेटको ठूलो अंश अनावश्यकरुपमा खेर जान्छ ।

ख) स्थानीय तहमा अनियमितता मौलाउनु

स्थानीय तहमा विकेन्द्रीकरणको नाममा सार्वजनिक खरिद प्रक्रिया झनै कमजोर बन्दै गएको छ । स्थानीय सरकारहरुमाथि अनुगमन कमजोर छ, जसका कारण ठूला अनियमितताहरु सहजै ढाकछोप हुन्छन् ।

(ग) दीर्घकालीन विकासमा असर

योजनाहरु कमिसनका लागि बनाइने भएकाले दीर्घकालीनरुपमा समाजलाई फाइदा पुऱ्याउने संरचनाहरु निर्माण हुँदैनन् । अल्पकालीन लाभका लागि गरिने कामहरु दीर्घकालीनरुपमा घाटामा परिणत हुन्छन् ।

समाधानका उपायहरू : उपभोक्ता समितिहरूको सही उपयोग कसरी गर्ने ?

नीतिगत भ्रष्टाचार न्यूनीकरण गर्न र उपभोक्ता समितिहरुलाई सही तरिकाले सञ्चालन गर्न निम्न उपायहरु अवलम्बन गर्नुपर्छ । यसको लागि प्रतिस्पर्धात्मक प्रक्रिया अनिवार्य बनाउनु पर्छ । उपभोक्ता समितिहरुले सिधै ठेक्का पाउनुको सट्टा न्यूनतम प्रतिस्पर्धा गर्नुपर्ने व्यवस्था गर्नुपर्छ । सार्वजनिक खरिद ऐनअन्तर्गत कम्तीमा तीन वटा समिति वा कम्पनीहरुबीच प्रतिस्पर्धा गराइने व्यवस्था गर्नुपर्छ ।

अनुगमन प्रणाली मजबुत बनाउने

सरकारले स्थानीय तह, प्रदेश र संघीय सरकारका निकायहरुले अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउनुपर्छ । कार्य सम्पन्न भएपछि अनिवार्यरुमा तेस्रो पक्षले गुणस्तर परीक्षण गर्ने व्यवस्था गर्नुपर्छ । जनसहभागिता र श्रमदान अनिवार्य गर्नुपर्छ । उपभोक्ता समितिहरुलाई दिइने कार्यहरुमा श्रमदान तथा स्थानीय स्रोतहरुको उपयोग अनिवार्य गर्नुपर्छ । सरकारी सहायता पाउनका लागि निश्चित प्रतिशत जनसहभागिता हुनुपर्ने प्रावधान कडाइका साथ लागू गर्नुपर्छ ।

कानुनी सुधार र कडाइ

ठेकेदारमार्फत उपभोक्ता समितिको नाममा कार्य गराउने प्रवृत्ति बन्द गर्न कडा कानुनी व्यवस्था गर्नुपर्छ । भ्रष्टाचारमा संलग्न उपभोक्ता समितिहरुलाई कालोसूचीमा राख्नुपर्छ । सार्वजनिक खरिद ऐनमा संशोधन गरी गैर-प्रतिस्पर्धी प्रक्रियालाई नियन्त्रण गर्नुपर्छ ।

नेपालमा उपभोक्ता समितिहरुको स्थापनाको मूल उद्देश्य जनसहभागिता र श्रमदानको माध्यमबाट विकास निर्माण कार्यलाई सहज बनाउनु थियो । तर, हाल यस प्रणालीलाई ठेकेदारहरुको स्वार्थमा प्रयोग गर्दै नीतिगत भ्रष्टाचारलाई प्रश्रय दिने माध्यमका रुपमा प्रयोग गरिएको छ ।

सरकारी बजेटको सही सदुपयोग, पारदर्शिता, प्रतिस्पर्धा र सुशासन सुनिश्चित गर्न उपभोक्ता समितिहरुको संरचना, प्रक्रिया तथा अनुगमन प्रणालीलाई पुनः समीक्षा गर्न जरूरी छ । यदि यथास्थितिमा सुधार नगरिएमा यो प्रवृत्ति नेपालको विकास प्रक्रियालाई दीर्घकालीनरुपमा कमजोर बनाउने छ । विकास कमजोर हुनु भनेको आर्थिक समृद्धि नहुनु हो । यस्तो अवस्था आउन नदिन सरकारले प्रभावकारीरुपमा काम गर्नुपर्छ ।

अमेरिकाले करवृद्धि नरोके जवाफी कदम चाल्ने चीनको चेतावनी

■ एजेन्सी

बेइजिङ, माघ २०

चीनले भन्सार महशुलमा पुनर्विचार नगरे अमेरिकामाथि जवाफी कदम चाल्ने कडा चेतावनी दिएको छ । आइतबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा बेइजिङमाथि लगाइएको नयाँ करको 'दृढतापूर्वक विरोध' गर्दै चीनले 'आफ्नो अधिकार र चासोको दृढतापूर्वक रक्षा गर्न सम्बन्धित जवाफी कदम' चाल्ने चेतावनी दिएको हो ।

शनिबार प्रमुख व्यापार साझेदारहरुविरुद्ध व्यापक कदमहरु सार्वजनिक गर्दै ट्रम्पले चिनियाँ आयातमा विद्यमान शुल्कमा थप १० प्रतिशत कर लगाउने घोषणा गरेका थिए ।

आइतबार एक विज्ञप्तिमा चीनको वाणिज्य मन्त्रालयले वासिङ्टनको 'गलत अभ्यासहरुको आलोचना गर्दै बेइजिङ 'यसप्रति अत्यन्त असन्तुष्ट र दृढतापूर्वक विरोध गर्दछ' भनेको छ । मन्त्रालयले बेइजिङले विश्व व्यापार सङ्गठन (डब्लूटीओ) मा मुद्दा दायर गर्ने र 'संयुक्त राज्य अमेरिकाले एकपक्षीय रूमा लगाएको करले विश्व व्यापार सङ्गठनका नियमहरूको गम्भीर उल्लंघन गर्छ' भनी तर्क गरेको बताएको छ ।

'यी शुल्कहरु अमेरिकाको आफ्नै समस्याहरु समाधान गर्न मात्र असहयोगी नभई सामान्य आर्थिक र व्यापारिक सहयोगलाई पनि कमजोर बनाउँछन्', मन्त्रालयले भनेको छ, 'संयुक्त राज्य अमेरिकाले अन्य देशहरूलाई हरेक पालोमा कर लगाउने धम्की दिनुको सट्टा फेन्टानिलजस्ता आफ्नै मुद्राहरूलाई वस्तुनिष्ठ र तर्कसंगत रूमा हेर्न र व्यवहार गर्नेछ भन्ने चीनलाई आशा छ ।'

बेइजिङले अमेरिकालाई आफ्नो गलत अभ्यासहरु सुधार गर्न, चीनलाई आधा बाटो भेट्न, आफ्ना समस्याहरूको सामना गर्न, स्पष्ट संवाद गर्न, सहयोगलाई बलियो बनाउन र समानता, आपसी लाभ र आपसी सम्मानको आधारमा मतभेदहरु व्यवस्थापन गर्न आग्रह गर्दछ', विज्ञप्तिमा उल्लेख छ ।

Distributor's Name: Syakar Trading Company Pvt. Ltd.
Address: Jyoti Bhawan, Kantipath, Kathmandu, Tel:4225490 PAN: 600230595

सि. नं.	माल वस्तुको विवरण	प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पत्तिको / मूलुक राष्ट्र	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा बिक्रि मूल्य
1	DIO 110 DLX BS4	Scooter	HONDA	DIO 110 DLX BS4	110	INDIA	1	238,900	238,900
2	DIO 110 STD BS6	Scooter	HONDA	DIO 110 STD BS6	110	INDIA	1	259,900	259,900
3	DIO 110 DLX BS6	Scooter	HONDA	DIO 110 DLX BS6	110	INDIA	1	269,900	269,900
4	DIO 125 STD BS6	Scooter	HONDA	DIO 125 STD BS6	125	INDIA	1	303,900	303,900
5	DIO 125 DLX SMART BS6	Scooter	HONDA	DIO 125 DLX SMART BS6	125	INDIA	1	319,900	319,900
6	SP 125 DRS BS6	Motorcycle	HONDA	SP 125 DRS BS6	125	INDIA	1	286,900	286,900
7	SP 125 DSS BS6	Motorcycle	HONDA	SP 125 DSS BS6	125	INDIA	1	296,900	296,900
8	SHINE DRS BS6	Motorcycle	HONDA	SHINE DRS BS6	125	INDIA	1	276,900	276,900
9	SHINE DSS BS6	Motorcycle	HONDA	SHINE DSS BS6	125	INDIA	1	286,900	286,900
10	CB SHINE DRS BS4	Motorcycle	HONDA	CB SHINE DRS BS4	125	INDIA	1	257,900	257,900
11	CB SHINE DSS BS4	Motorcycle	HONDA	CB SHINE DSS BS4	125	INDIA	1	267,900	267,900
12	CB Hornet 2.0	Motorcycle	HONDA	CB Hornet 2.0	200	INDIA	1	469,900	469,900
13	NX 200 DLX	Motorcycle	HONDA	NX 200 DLX	200	INDIA	1	489,900	489,900
14	XR 190LS DK	Motorcycle	HONDA	XR 190LS DK	190	CHINA	1	769,900	769,900
15	CB 350 DLX	Motorcycle	HONDA	CB 350 DLX	350	INDIA	1	925,900	925,900
16	CRF 300LAP ED	Motorcycle	HONDA	CRF 300LAP ED	300	THAILAND	1	2,075,000	2,075,000
17	CRF 300LRAP ED	Motorcycle	HONDA	CRF 300LRAP ED	300	THAILAND	1	2,350,000	2,350,000

प्रभु बैक लिमिटेड शाखा कार्यालय बिरगंज, पर्साका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्ताले कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सुचना

(सुचना प्रकाशित मिति २०८१/१०/२१ गते सोमबारको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा)

यस बैक लि.बाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैकसंग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछुर्यौट नगर्नु भएको र यस बैकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेना गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछुर्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैकले कर्जा असुलीका लागि मिति २०८१/०३/०४ गते मंगलबारको नागरिक साँप्ताहिक दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितो लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम बिक्री नभएकोले मिति २०८१/०८/१० गते सोमबारको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम बिक्री नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैकको **शाखा कार्यालय, बिरगंज**मा दाखिल गर्नु हुन इच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८१/१०/२८ गते सोमवार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैक खुलेको दिन) बैकको **शाखा कार्यालय, बिरगंज**मा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको सांवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछुर्यौट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र पारा हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण :

ऋणी : घरेलु तथा साना उद्योग अन्तर्गत सोही ऐनको दफा १० बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०७३/१०/२० मा प्रा.फ.नं.घ.उ.वि ५८४४/३५५/०७३/७४ दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, सिमरा बारावाट मिति २०७३/१०/२० (मु.अ.क. दर्ता मिति २०७३/१०/२०) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०३२८९३९० को प्रमाणपत्र प्राप्त **जय फेब्रिकेशन ।**
रजिष्ट्रर्ड ठेगाना : बारा जिल्ला बहुबरी गा.वि.स. वडा नं. ६ (हाल परवानीपुर गा.पा. वडा नं १) ।

प्रोप्राइटर तथा जमानतकर्ता	जमानतकर्ता
जय प्रकाश गुप्ता (ना.प्र.नं. २१३६/२५३६ जारी मिति: २०६२/०६/१६ जारी गर्ने कार्यालय जि.प्र.का. बारा)। ठेगाना : बारा जिल्ला परवानीपुर गा.पा. वडा नं १। (साबिक: बारा जिल्ला बहुबरी गा.वि.स.वडा नं ८ ।) बाबु : रामेश्वर साह कलवार । बाजे : रुदल साह कलवार ।	पुष्पा कुमारी (ना.प्र.नं: ००५६३६४७ जारी मिति २०५९/११/०४ जारी गर्ने कार्यालय जि.प्र.का. पर्सा)। स्थाई ठेगाना : पर्सा जिल्ला बिरगंज म.न.पा. वडा नं. १७ (साबिक अली गा.वि.स. वडा नं. ८)। हालको ठेगाना : बारा जिल्ला परवानीपुर गा.पा. वडा नं. १। बाबु : मोती लाल प्रसाद गुप्ता । पति : जय प्रकाश गुप्ता । ससुरा : रामेश्वर साह कलवार ।

ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. प्रोप्राइटर जय प्रकाश गुप्ताको नाममा मालपोत कार्यालय पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला हरपुर गा.वि.स. वडा नं. ५ स्थित क्षेत्रा नं. ९०, ३३४ र ८८ को क्षेत्रफल ०-१५-०-०, ०-१३-०-० र ०-१०-११-० (विघा) भएको घर/जग्गा र पर्सा जिल्ला हरपुर गा.वि.स. वडा नं. ४, नक्सा सिट नं. ४ स्थित क्षेत्रा नं. ६३ र ३५८ को क्षेत्रफल ०-३-०-० र ०-०-१०-० (विघा) भएको घर/जग्गा र सो घर/जग्गाले चर्चेको लिगलगापात समेत.....१

२. ऋणी फर्मको स्वामित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण .....१ ।

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय बिरगंज, पर्सा**बाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलसारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बिरगंज पर्सामा** सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१४०००

Samriddhi Finance समृद्धि फाइनान्स कम्पनी लिमिटेड
Samriddhi Finance Company Limited
Partnership for Prosperity

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
मुख्य कार्यालयः हेटौंडा, मकवानपुर, फोन नं: ०४७-५२५७००, ०४७-५२३२२९
इमेलः info@sfcl.com.np, वेबसाइटः www.sfcl.com.np

धितोमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्रिका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मितिः २०८१/१०/२१

यस वित्तीय संस्थाबाट तपसिल बमोजिमको धितो राखि, कर्जा लिने तपसिल बमोजिमका ऋणीले यस वित्तिय संस्थालाई समय-समयमा तिर्नु बुझाउन पर्ने सांवा, ब्याज लगायतका वित्तिय सेवाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएको र पटक-पटक मौखिक, लिखित, फोन तथा एस.एम.एस. मार्फत तर-ताकेता गर्दा समेत कर्जाको सांवा, ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यसअघि राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारे सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता नभएकोले उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति लिलामीको लागि यो सूचना प्रकाशित गरिएको छ । अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोहि अवस्थामा निज ऋणीले यस वित्तिय संस्थालाई लेखिएको लिखित, बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७, नेपाल राष्ट्र बैंकको कालोसूचि सम्बन्धी निर्देशन तथा संस्थाको कर्जा असुली तथा गैह बैंकिङ सम्पत्ति बिक्रि सम्बन्धी कार्यविधि बमोजिम लिलाम बिक्रि गरी निज ऋणीबाट धनी वित्तिय संस्थाले असुल गर्न बांकी रहेको लेना रकम असुल उपर गरिने तथा यसमा उल्लेखित सम्पत्तिको कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखी अन्य कानूनी कारबाही समेत अगाडी बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै व्यक्तिगत जमानीकर्ता, धितोकर्ता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला । उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कार्यालय समय भित्र आई पुग्ने गरी निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन आव्हान गरिन्छ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थामा ३६औं दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनका ३ (तीन) बजे खोलिने हुँदा उक्त दिन सम्बन्धीत बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धीत ऋणी, धितोधनि तथा जमानतीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । तर सम्बन्धीत बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धीत प्रतिनिधि, सम्बन्धीत ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्न छैन । लिलामी कारबाही प्रक्रिया यस वित्तिय संस्थाको कर्जा नीति अनुसार अगाडि बढाइनेछ । साथै शिलबन्दी बोलपत्रको म्याद भित्र सम्बन्धित ऋणीहरु तथा सरोकारवालाले सम्पूर्ण बांकी बक्यौता कर्जा तथा अन्य दै दस्तुर कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ ।

तपसिल

ऋणी तथा धितोको विवरण	व्यक्तिगत जमानी दिनेको विवरण
नाम : सरिता राजभण्डारी ससुरा: भोला रत्न राजभण्डारी बुबा: अनन्तमान कर्माचार्य स्थायी ठेगाना: तानसेन, नगर.-८, पाल्पा । हालको ठेगाना : काठमाण्डौ म.न.पा-३३, काठमाण्डौं । नागरिकता नं. ५०६८८ जिल्ला: पाल्पा जारी मिति: २०५२/०७/२७ **धितोको विवरण:** सरिता राजभण्डारीको नाममा मालपोत कार्यालय, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला ढल्केवर, बेगा ढावर गा.वि.स. वडा नं. ५ र २ कमशः कि.नं. २२०, १६९१, २८४, २, २६१७ र ९ को क्षे.फ. ०-५-०-०, ०-०-१६-०, ०-५-३-०, ०-२-१८-०, ०-५-०-०, १-५-११-० (विघा)। **कर्जा शिर्षक/शाखाः व्यक्तिगत कर्जा, पुतलिसडक** यस अघि सूचना प्रकाशित गरिएको मिति र पत्रिका: २०८१/०८/१२ प्रतीक दैनिक बोलपत्र फारम प्राप्त हुने, पेश गर्ने र खोलिने शाखाः पुतलिसडक	**नाम : स्यान्डिक राजभण्डारी** बाजे: भोला रत्न राजभण्डारी बुबा: सरल रत्न राजभण्डारी ना प्र नं. ३९१०६६/१९७४ जिल्ला: पाल्पा जारी मिति : २०६६/१०/२५ स्थायी ठेगाना : तानसेन-८, पाल्पा हालको ठेगाना:- काठमाण्डौ म.न.पा-३३, काठमाण्डौं **नाम: सम्मन रत्न राजभण्डारी** बाजे: भोला रत्न राजभण्डारी बुबा: सरलरत्न राजभण्डारी, ना प्र नं. ३९-०१-७१-०१४०७ जिल्ला: पाल्पा जारी मिति : २०७१ /०२/१६ स्थायी ठेगाना : तानसेन -०८, पाल्पा हालको ठेगाना : काठमाण्डौ म.न.पा -३३, काठमाण्डौं **नाम : सरल रत्न राजभण्डारी** बाजे: राम रत्न राजभण्डारी बुबा: भोला रत्न राजभण्डारी ना प्र नं.:३९-०१-७१-०१४०६ जिल्ला: पाल्पा जारी मिति: २०७१/०२/१६ स्थायी ठेगाना : तानसेन -८, पाल्पा हालको ठेगाना : काठमाण्डौ म.न.पा-३३, काठमाण्डौं
व्यक्ति/कम्पनी/फर्मको नामः बेगम रेष्टुरेन्ट दर्ता नं. र मिति: २२६६३/१२ ९/ ०७७/०७८ पान नं : ६१५२०३९५३ रजिष्टर्ड ठेगाना : भैसेपाटी-२४, ललितपुर । प्रोपाइटरको नामः जय कुमार सिंह, दिनेश प्रसाद शाह र ध्रुव बहादुर कार्की **व्यक्तिगत जमानी दिनेको विवरण** **नामः दिनेश प्रसाद साह** बाजे: चण्डेश्वर साह बुबा: सुरेन्द्र साह सुँढि ना.प्र.नं.: १८२०७०/९९१ जिल्ला: महोत्तरी जारी मिति: २०७२/१२/०१ स्थायी ठेगाना : बेलगाछी-०५, महोत्तरी हालको ठेगाना : गौशाला न.पा. ०८, महोत्तरी **नामः ध्रुव बहादुर कार्की** बाजे: चन्द्र बहादुर कार्की बुबा: हस्त बहादुर कार्की स्थायी ठेगाना: यसम गा.वि.स २, ओखलढुङ्गा हालको ठेगाना : बुढानिलकण्ठ न.पा ६, काठमाण्डौं नागरिकता नं १९२३/९ जारी मिति: २०४८/१२/१९ जिल्ला ओखलढुङ्गा **नामः जय कुमार सिंह** बाजे: उदिप सिंह बुबा: सुरेन्द्र सिंह ना.प्र.नं.: १८२६३१६, जिल्लाः महोत्तरी जारी मिति: २०५५-०५-३१ स्थायी ठेगाना : बर्दिवास न.पा. १२, महोत्तरी हालको ठेगाना : बर्दिवास न.पा १२, महोत्तरी **धितोको विवरण :** ध्रुव बहादुर कार्कीको नाममा मालपोत कार्यालय, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला ३ नं. बहादुरगञ्ज न.पा./गा.वि.स. वडा नं.३ कि.नं.१३३ क्षे.फ.०-१७-१३-० (विघा)	**नाम : बद्री विक्रम कार्की** बाजे: चन्द्र बहादुर कार्की बुबा: हस्त बहादुर कार्की ना.प्र.नं.: १४१/५६८/१० जिल्ला: ओखलढुंगा, जारी मिति: २०४६-१०-२५ स्थायी ठेगाना : यसम-२, ओखलढुंगा हालको ठेगाना : बुढानिलकण्ठ-६, काठमाण्डौ **नाम : सुरेन्द्र साह सुढी** बुबा: चण्डेश्वर साह ना.प्र.नं.: ०५००-१४१४ जिल्ला: महोत्तरी, जारी मिति: २०४४-१२-१० स्थायी ठेगाना : बेलगाछी-०५, महोत्तरी हालको ठेगाना : गौशाला-०८, महोत्तरी **नाम : रेखा कार्की** बाजे: हस्त बहादुर कार्की बुबा: मनहरि खड्का ना.प्र.न ४४२१, जिल्ला: काठमाण्डौ जारी मिति २०६१/०६/२८ स्थायी ठेगाना : बुढानिलकण्ठ न.पा ६, काठमाण्डौ हालको ठेगाना : बुढानिलकण्ठ न.पा ६, काठमाण्डौं **नाम : कविता कुमारी सिंह** बाजे: सुरेन्द्र सिंह बुबा: राम औतार महतो ना.प्र.न १८३०६३/८६५ जिल्लाः महोत्तरी, जारी मिति: २०६३-१०-२० स्थायी ठेगाना : बर्दिवास-१२, महोत्तरी हालको ठेगाना : बर्दिवास-१२, महोत्तरी **कर्जा शिर्षक/शाखाः** व्यवसायिक कर्जा, पुतलिसडक यस अघि सूचना प्रकाशित गरिएको मिति र पत्रिका: २०८१/०८/१२ प्रतीक दैनिक बोलपत्र फारम प्राप्त हुने, पेश गर्ने र खोलिने शाखाः पुतलिसडक
नाम : साविया दर्जि ससुरा : फौद बहादुर दर्जी पति: हर्क बहादुर दर्जि स्थायी ठेगाना: गुन्सी-७ , रामेछाप हालको ठेगाना : काठमाण्डौं म.न.प.- १८ ,काठमाण्डौं नागरिकता नं. २१३०४६/१०४९ जारी मिति : २०६३/११/२१ जिल्ला रामेछाप **धितोको विवरण :** हर्क बहादुर नेपालीको नाममा रहेको मालपोत कार्यालय, रामेछापमा दर्ता कायम रहेको रामेछाप जिल्ला लक्ष्मपुर न.पा./गा.वि.स. वडा नं. ३ कि.नं. २९२ क्षे.फ. ५१२६.१५ ब.मि **कर्जा शिर्षकः सहुलियतपुर्ण कर्जा, पुतलिसडक शाखा** यस अघि सूचना प्रकाशित गरिएको मिति र पत्रिका: २०८१/०८/२४ प्रतीक दैनिक बोलपत्र फारम प्राप्त हुनें, पेश गर्ने र खोलिने शाखाः पुतलिसडक	**नाम : हर्क बहादुर नेपाली** बाजे: विर बहादुर दर्जी बाबु: फौद बहादुर दर्जि स्थायी ठेगाना: सुनापती गा.पा.-१, रामेछाप हालको ठेगाना : काठमाण्डौं म.न.प. - १८ ,काठमाण्डौं ना.प्र.न २१-०१-७७-०४२८२ जिल्ला रामेछाप जारी मिति २०७७/११/२१ **नाम : सुजन नेपाली** बाजे: फौद बहादुर दर्जि बाबु: हर्क बहादुर नेपाली स्थायी ठेगाना: सुनापती गा.पा.-१, रामेछाप हालको ठेगाना : काठमाण्डौं म.न.प.- १८, काठमाण्डौं ना.प्र.नं २१-०१-७७-०४२८५ जिल्ला रामेछाप जारी मिति २०७७/११/२१
नामः हरि गोम्बा बाजे : मोती लाल गोम्बा बुबा : रामबहादुर गोम्बा स्थायी ठेगानाः चुरीयामाई - ०८, मकवानपुर हालको ठेगानाः हेटौडा-१५, मकवानपुर ना.प्र.नः ३०/२१४३१ जारी जिल्लाः मकवानपुर, जारी मितिः २०५२/०१/०५ **धितोको विवरणः** हरि गोम्बाको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता श्रेष्ठा कायम रहेको मकवानपुर जिल्ला रातोमाटे ८ सिट नं. ८ कि.नं. ७२४, कमश क्षे.फ. ०-१-१३.२८-० विघा **कर्जा शिर्षक**/शाखाः व्यक्तिगत अधिवकर्स कर्जा, हेटौडा यस अघि सूचना प्रकाशित गरिएको मिति र पत्रिकः २०८१/०७१२७ प्रतीक दैनिक बोलपत्र फारम प्राप्त हुनें, पेश गर्ने र खोलिने शाखाः हेटौडा	**नामः संगीता गुरुङ** ससुराः रामबहादुर गोम्बा पतिः हरि गोम्बा स्थायी ठेगानाः पुतलीबजार-०२, स्याङ्जा हालको ठेगानाः हेटौडा - १५, मकवानपुर ना.प्र.नः ४२१०६२/३/१४४ जारी जिल्ला/मितिः मकवानपुर, २०६९/०२/२८ **नामः पातली गोंबा** ससुराः मोती लाल गोम्बा पतिः राम बहादुर गोम्बा स्थायी ठेगानाः रातोमाटे - ०८, मकवानपुर हालको ठेगानाः हेटौडा - १५, मकवानपुर ना.प्र.नं: ४७०, मकवानपुर/२०४४/१०/११ **नामः राम बहादुर गोम्बा** बाजे : मेले गोम्बा बुबा : मोती लाल गोम्बा स्थायी ठेगानाः रातोमाटे - ०८, मकवानपुर हालको ठेगानाः हेटौडा - १५, मकवानपुर ना.प्र.नं: ०४९५ जारी जिल्ला/मितिः मकवानपुर/२०४०/०६/१०
व्यक्ति/कम्पनी/फर्मको नामः वि.के.स. कन्ट्रक्सन एण्ड सप्लायर्स दर्ता नं. र मिति: २६०००२/०७७/०७८, २०७७/१२/१० पान नं, जारी मिति: ६०९९७७४६४, २०७७/१०/१२ रजिष्टर्ड ठेगाना : राजापुर-०१, बर्दिया फर्मको अस्थिवार प्राप्त व्यक्तिको नाम थरः कमल भट्टराई ना.प्र.नं. ६५२०२७/३५८ जारी मिति २०६७/० ९/२१ जिल्ला: बर्दिया स्थायी ठेगाना : दौलतपुर ०८, बर्दिया हालको ठेगाना : दौलतपुर ०८, बर्दिया **धितोको विवरण :** सवारी साधनको नाम, मोडेल : BOBCAT BACKHOE B760 LOADER सवारी दर्ता नम्बरः BA PRA 01-004 KA 0360 इन्जिन नम्बर : NL84759S044133G मिरियलर/च्यासिस नम्बरः DBIB5JDEEM0S11022 मोडल तथा बनेको साल: 2022 **कर्जा शिर्षक/शाखाः** हायर पर्चेज व्यावसायिक कर्जा, पुतलिसडक यस अघि सूचना प्रकाशित गरिएको मिति र पत्रिकः २०८१/०८/१२ प्रतीक दैनिक बोलपत्र फारम प्राप्त हुनें, पेश गर्ने र खोलिने शाखाः पुतलिसडक	**नाम : भक्त प्रसाद भट्टराई** बाजे: धर्म नन्द भट्टराई बुबा: डिलेश्वर भट्टराई ना.प्र.नं ६५२०२७/३४४ जिल्लाः बर्दिया, जारी मितिः २०६७/०८/१५ स्थायी ठेगाना : दौलतपुर ०८, बर्दिया । हालको ठेगाना : दौलतपुर ०८, बर्दिया । **नामः सरस्वती जैसी भट्टराई** ससुराः डोलेश्वर भट्टराई पतिः कमल भट्टराई बुबाः लिलाराम जैसी ना.प्र.नं ६५-०२-७१-००१९१ जिल्लाः बर्दिया, जारी मिति २०७१/०२/०१ स्थायी ठेगाना : दौलतपुर ०८, बर्दिया । हालको ठेगाना : दौलतपुर ०८, बर्दिया । **नाम : सुन्दरा देवी भट्टराई** ससुराः धर्मनन्द भट्टराई पतिः डोलेश्वर भट्टराई बुबाः रामकृष्ण उपाध्याय ना.प्र.नं २३७९/५२६ जिल्ला बर्दिया जारी मिति २०५१/०८/२९ स्थायी ठेगाना : बडागाउ ०१, सन्यान । हालको ठेगाना : दौलतपुर ०८, बर्दिया । **नामः कमल भट्टराई** बाजे: धर्मनन्द भट्टराई बुबाः डोलेश्वर भट्टराई ना.प्र.नं. ६५२०२७/३५८ जारी मिति २०६७/०९/२१ जिल्लाः बर्दिया स्थायी ठेगानाः दौलतपुर ०८, बर्दिया । हालको ठेगानाः दौलतपुर ०८, बर्दिया ।

लिलाम बोलपत्र सम्बन्धी शर्तहरु:

१. लिलाम बोलपत्र आवेदन फाराम यस संस्थाको माथि उल्लेखित सम्बन्धित शाखा कार्यालयहरुबाट रु. १,०००/०० (रु. एक हजार मात्र) तिरि (पछि फिर्ता नहुने गरि) प्राप्त गर्न सकिनेछ । फोटोकपि गरिएको फारम मान्य हुने छैन ।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निर्णय अन्तिम हुनेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व वित्तिय संस्थाले लिन सक्नेछ ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ३५ औं दिन (सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको सम्बन्धित केन्द्रिय कार्यालय/शाखा कार्यालय समयभित्र प्राप्त भई सक्नुपर्नेछ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको सम्बन्धित शाखा कार्यालयहरु उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलीपल्ट ३६ औं दिन र सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ ।
४. माथि उल्लेखित सम्पत्ति निरीक्षण गर्न चाहेमा वा कुनै कुरा बुझ्नु परेमा लिलाम बोलपत्र पेश गर्न अगावै सम्बन्धित शाखा कार्यालय को कर्जा असुलि विभागमा सम्पर्क राखि निरीक्षण गर्न सकिनेछ ।
५. अन्य शर्तहरु लिलाम बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन् र ती शर्त बन्देजहरु यसै सूचनाको अभिन्न अंग मानिनेछ ।

लिलाम बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१ फाल्गुण २४ गते दिनको ३:०० बजे ।
लिलाम शिलबन्दी बोलपत्र खोलिने मिति : २०८१ फाल्गुण २६ गते दिनको ३:०० बजे ।
**बोलपत्र खोलिने स्थान : ऋणीको विवरणमा उल्लेख भए बमोजिम

सामसङको ग्यालेक्सी एस२५ सिरिज सार्वजनिक

■ आर्थिक संवाददाता
काठमाडौं, माघ २०

सामसङ नेपालले ग्यालेक्सी एस२५ सिरिज सार्वजनिक गरेको छ । कम्पनीले काठमाडौंमा पत्रकार सम्मेलन गरी नयाँ ग्यालेक्सी एस२५ अल्ट्रा, ग्यालेक्सी एस२५ प्लस र ग्यालेक्सी एस२५ स्मार्टफोनहरु सार्वजनिक गरेको हो ।

सामसङ नेपालका निर्देशक, प्रणय रत्न श्रेष्ठ र मिस नेपाल वर्ल्ड २०१६, अस्मी श्रेष्ठले ग्यालेक्सी एस२५ सिरिजको अनावरण गरेका थिए । कार्यक्रममा सामसङ नेपालको निर्देशक प्रणय रत्न श्रेष्ठले सामसङले गत वर्ष ग्यालेक्सी एआईको साथ मोबाइल एआई युगको सुरुवात गरेको उल्लेख गर्दै अब ग्यालेक्सी एस२५ सिरिजको साथ एआईको अर्को चरणमा प्रवेश गरेको बताए । कम्पनीका अनुसार ग्यालेक्सी एस२५ सिरिज सबैभन्दा सहज नियन्त्रण र व्यक्तिगत मोबाइल अनुभव प्रदान गर्न डिजाइन गरिएको सामसङको एआई-फर्स्ट प्लेटफर्म वन यूआई सात रहेको पहिलो स्मार्टफोन सिरिज हो । यस्तै, यस सिरिजले सञ्चार, उत्पादकता र सिर्जनात्मकताका लागि लोकप्रिय एआई उपकरणहरुमा सुधार ल्याएको छ ।

ग्यालेक्सी एस२५ सिरिजमा ग्यालेक्सीको लागि बनिएको स्न्यापड्रागन ८ एलिट प्रोसेसर प्रयोग गरिएको छ । यसले अघिल्लो पुस्ताको तुलनामा एनपीयुमा ४० प्रतिशत, सीपीयुमा ३७ प्रतिशत र जीपीयुमा ३० प्रतिशत प्रदर्शन सुधार प्रदान गर्ने कम्पनीको दाबी छ । साथै, यसमा ताप व्यवस्थापन संरचनामा सुधार ल्याउन ४० प्रतिशत ठूलो भेपर चेम्बर र विशेषरूमा डिजाइन गरिएको थर्मल इन्टरफेस मतेरिएल(टीआईएम) प्रयोग गरिएको छ । यस सिरिजले उच्च रिजोलुसन सेन्सर र प्रोभिजुअल इन्जिनमार्फत कुनै पनि एंगलबाट विस्तृत र जीवन्त तस्बिर खिन्न क्षमता दिँदै मोबाइल फोटोग्राफीमा नयाँपन स्थापित गरेको छ । ग्यालेक्सी एस२५ अल्ट्रा अहिलेसम्मकै सबैभन्दा पातलो, हलुका र बलियो ग्यालेक्सी एस सिरिजको स्मार्टफोन हो । यसमा टिकाउ टाइटेनियम र नयाँ कोर्निङ गोरिल्ला अर्मर दुई समावेश गरिएको छ । ग्यालेक्सी एस२५ प्लस र एस२५ का प्रत्येक बाह्य भागमा कम्तीमा एउटा पुनः प्रयोग गरिएको सामग्री समाहित गरिएको छ । पहिलो पटक मेटल फ्रेममा पुनः प्रयोग गरिएको आर्मर एल्युमिनियम प्रयोग गरिएको हो ।

कम्पनीले उक्त स्मार्टफोनहरु सार्वजानिक गर्दै प्रि-अर्डरको लागी बिहीबारदेखि नै बुकिङ समेत खुला गरेको छ । यी फोनहरु फागुन १ गते सामसङको अधिकृत स्टोरहरुमा उपलब्ध हुनेछन् । प्रि-अर्डर गर्ने ग्राहकहरुले विभिन्न गिफ्ट तथा छुटहरु समेत पाउने कम्पनीले जनाएको छ । कम्पनीका अनुसार ग्यालेक्सी एस२५ अल्ट्रा खरिद गर्दा १२/२५६जीबीबाट १२/५१२जीबी मेमोरी अपग्रेड वा ग्यालेक्सी बड्स३ प्रो भारी छुट मूल्यमा पाउनेछन् । कम्पनीका अनुसार ३१ हजार नौ सय ९९ रूपैयाँ रहेको ग्यालेक्सी बड्स३ प्रो १४ हजार नौ सय ९९ रूपैयाँमा प्राप्त गर्न सक्नेछन् । साथै, तीन हजार तीन सय ९९ रूपैयाँ मूल्य रहेको सिलिकन कभर पनि एक हजार पाँच सय रूपैयाँमा पाइने कम्पनीले जनाएको छ । यस्तै, ग्यालेक्सी एस२५ प्लस र ग्यालेक्सी एस२५ बेस प्रि-अर्डर गर्दा ग्राहकहरुले ग्यालेक्सी एस२५ अल्ट्राको जस्तै ग्यालेक्सी बड्स३ प्रो र सिलिकन कभरमा छुट प्राप्त गर्न सक्ने छन् ।

कम्पनीका अनुसार ग्यालेक्सी एस२५ अल्ट्रा दुई भेरियन्ट १२ जीबी/५१२ जीबी र १२ जीबी/२५६ जीबी स्टोरेज क्षमतामा उपलब्ध हुनेछ । यसको मूल्य नेपालमा क्रमशः एक लाख ९९ हजार नौ सय ९९ रूपैयाँ र एक लाख ८४ हजार नौ सय ९९ रूपैयाँ रहेको छ । यो फोन टाइटेनियम सिल्भरब्लु, टाइटेनियम ब्लाइटसिल्भर, टाइटेनियम ब्ल्याक कलरमा उपलब्ध हुने कम्पनीले जनाएको छ । यस्तै, ग्यालेक्सी एस२५ प्लस नेभी, सिल्भर स्याडदा कलरमा १२ जीबी/२५६ जीबी स्टोरेजमा उपलब्ध हुनेछ । यसको मूल्य एक लाख ४१ हजार नौ सय ९९ रूपैयाँ तोकिएको छ ।

कम्पनीको ग्यालेक्सी एस२५ भने १२ जीबी/२५६ जीबी र १२ जीबी/१२८ जीबी स्टोरज क्षमतामा उपलब्ध हुनेछ । यसको मूल्य क्रमशः एक लाख १४ हजार नौ सय ९९ रूपैयाँ र एक लाख चार हजार नौ सय ९९ रूपैयाँ तोकिएको छ । यो फोन आईसी ब्लु, सिल्भर स्याडो कलरमा पाइने कम्पनीले जनाएको छ ।

फेदीखोला हाईड्रो पावर कम्पनी लिमिटेडको

विशेष साधारणसभा सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/१०/२१

आदरणीय शेयरधनी महानुभावहरू
यस कम्पनीको मिति २०८१/१०/१४ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको विशेष साधारणसभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरुमा छलफल गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

विशेष साधारण सभा हुने मिति, स्थान र समय
मिति : २०८१ फाल्गुण १० गते शनिवार (22nd Feb. 2025)
स्थान : डिडिआई. बैंकट बुद्धनगर, काठमाण्डौ । समय : विहानको १०:३० बजे ।

छलफलका विषयहरू :
क) सामान्य प्रस्तावहरू
१. आयोजना निर्माणको हालसम्मको प्रगती सम्वन्धमा ।
२. आयोजना निर्माणको लागि सञ्चालक समितिको तर्फबाट गरिएको ईलेक्ट्रो मेकानीकल, हाईड्रो मेकानीकल र सिभिल निर्माण कार्यको सम्झौता अनुमोदन गर्ने सम्वन्धमा ।
३. आयोजनाको निर्माणमा हालसम्म भएको खर्च अनुमोदन गर्ने सम्वन्धमा ।
४. शेयर खरिद विक्री कार्यको लागि विद्युत नियमन आयोग संग स्वीकृती सम्वन्धमा ।
५. विविध ।

ख) विशेष प्रस्तावहरू
१. कम्पनीको पुँजीको संरचना परिवर्तन गर्न प्रवन्धपत्रको दफा ६ को उपदफा (क) र (ख) संसोधन गर्ने सम्वन्धमा ।
२. कम्पनीको शेयरको प्रारम्भिक सार्वजनिक निश्कासन (IPO) गर्ने सम्वन्धमा ।
३. बाधा अड्काउ फुकाउ सम्वन्धमा ।
४) विविध

संचालक समिति

साधारणसभा सम्वन्धी सामान्य जानकारी

१. सभामा उपस्थित हुने शेयरधनीहरूले अनिवार्य रूपमा नागरिकताको प्रमाण पत्र वा आफ्नो परिचय स्पष्ट रूपमा खुल्ने फोटो सहितको आधिकारीक प्रमाण पत्र साथमा लिई सभामा भाग लिन अनुरोध छ ।
२. शेयरधनीहरूको दस्तखतको लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:३० बजेबाट खुल्ला गरिनेछ ।
३. साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनीको कानूनको ढाँचामा प्रतिनिधि पत्र (प्रोक्सी) नियुक्त गर्नु पर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधि पत्र स्वतः बदर हुनेछ ।
४. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठीत संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्ने छ ।
५. कुनै शेयरधनी महानुभावहरूले छलफलका विषयहरू विविध शिर्षक अन्तर्गत कम्पनी सम्वन्धी कुनै विषयमा छलफल गर्ने/गराउन चाहेमा सभा हुनुभन्दा ७ दिन अगावै सञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा प्रस्ताव दिनुपर्ने छ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारित गर्नको लागि समावेश गर्न वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहित हुनेछ ।
६. साधरणसभा सम्वन्धी थप जानाकारी आवश्यक परेमा कम्पनीको website : phedikholahydropower.com.np मा हेर्न सक्नुहुनेछ वा कार्यालय समय मित्र कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा. १०, काठमाण्डौ फोन नं. ०१-५९२२६०१ मा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

Invitation for Bids

Nepal Energy Foundation

Kupondole -10, Lalitpur
Phone: 01-5451116; Email: nef@npnef.org
Date of Re- Publication: 3rd February 2025

Nepal Energy Foundation (NEF) invites the following sealed quotations from suppliers for the **Procurement of Power Quality Analyzer.**

Contract Id. No.	NEF/SQ/04/2081-82
Type of Quotation	Sealed Quotation
Description of Works	Supply and Delivery of Power Quality Analyzer
Purchase of Quotation Documents	From the Office of Nepal Energy Foundation (NEF), Kupondole-10, Lalitpur, upon payment of Non-refundable fee of NPR 1,000 till 9th February 2025 during office hours.
Submission of Quotation	Hard copy submission to Nepal Energy Foundation (NEF), Kupondole-10, Lalitpur, before 12:00 hours on 10th February 2025.
Bid Opening	In the presence of Bidder's representative who chooses to attend at 14:00 hrs on 10th February 2025 at Nepal Energy Foundation, Kupondole-10, Lalitpur, incase if bidders are not present, the bid opening shall not be affected.

